# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ८६ | काठमाडौं | मंगलबार, २ साउन २०८० | Prabhab National Daily | Tuesday, July 18, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरूमा असहाय पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्यधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु ।
- वाकवाकी लाग्नु वा बान्ता हुनु ।

*यस्ता लक्षणहरू देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


# एमाले धनी, कांग्रेस गरिब !

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपालको सबैभन्दा धनी दल नेकपा एमाले देखिएको छ । संघीय र प्रदेश सरकारबाट बाहिर रहेको यो दलले एकै वर्षमा करोडौं आम्दानी गरेको पाइएको छ ।

निर्वाचन आयोगमा हालै बुझाएको वित्तीय विवरणअनुसार एमालेले आर्थिक वर्ष २०७८/७९ मा ४१ करोड ७२ लाख रूपैयाँ आम्दानी गर्‍यो । त्यसमध्ये खर्च १५ करोड ७० लाख रूपैयाँ गरेको छ। बाँकी रकम बचत रहेको एमालेले बुझाएको वित्तीय विवरणमा उल्लेख छ ।

आम्दानीको स्रोत पार्टी सदस्यता शुल्क, चन्दा र लेबी भएको जनाएको छ । पार्टी सदस्यता शुल्कमार्फत छ करोड ८५ लाख रूपैयाँ आम्दानी भएको उल्लेख छ । लेबीबाट नौ करोड ६१ लाख रूपैयाँ आम्दानी गरेको प्रतिवेदनमा छ । आम्दानी गरेकोमध्ये १५ करोड ७० लाख ७६ हजार रूपैयाँ भने राष्ट्रिय महाधिवेशन, विधान अधिवेशन, प्रचारप्रसार र अतिथि सत्कारलगायतमा खर्च गरेको जनाइएको छ ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले एमालेले आयोगले तोकेको ढाँचामा आयव्ययको विवरण बुझाएको बताए । 'ढाँचामा १७ वटा अनुसूची छन् । त्यसअनुसार सबै दलले आयव्ययको विवरण बुझाउनुपर्छ । एमालेले पनि त्यहीअनुसार बुझाएको हो,' प्रवक्ता शर्माले प्रभावसँग भने ।

पार्टी सदस्यता, लेबी, सदस्यता नवीकरण शुल्क, चन्दा, प्रकाशन गरेर पाठ्यसामग्री बिक्री, सम्पत्ति बिक्री, लिलाम, बहाललगायत अनुसूचीहरू ढाँचामा उल्लेख गरिएको छ । तर, एमालेले सदस्यता शुल्क, चन्दा र लेबीलाई आम्दानीको मुख्य स्रोत भनेको छ ।

- एमालेको आम्दानी ४१ करोड ७२ लाख, खर्च १५ करोड ७० लाख
- आम्दानीको स्रोत सदस्यता शुल्क, चन्दा र लेबी
- राप्रपा दोस्रो र माओवादी तेस्रो धनी दल
- संसद्को ठूलो दल नेपाली कांग्रेस घाटामा

एमालेपछिको धनी दल भने पूर्वपञ्चहरू आबद्ध राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) देखिएको छ। यो दलसँग तीन करोड २१ लाख रूपैयाँ बराबरको सम्पत्ति देखिन्छ । यो दलले पनि आम्दानीको स्रोत पार्टी सदस्यता शुल्क, चन्दा आदिलाई आधार मानेको छ । तर, दुई महिनाअघि सार्वजनिक एक अमेरिकी प्रतिवेदनले भने राप्रपाले निर्वाचन र त्यसको अघिपछि भारतको सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा)बाट करोडौं सहयोग लिएको विवरण बाहिरिएको थियो । नेपाललाई हिन्दूराष्ट्र बनाउन भाजपाले राप्रपालाई सहयोग गर्दै आएको दाबी प्रतिवेदनमा गरिएको थियो । पछि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले 'झूठो तथ्य' भन्दै उक्त प्रतिवेदनको खण्डन नै गरे । लिङ्देन नेतृत्वकै दल राप्रपा देशको दोस्रो धनी देखिएको हो ।

सत्ता नेतृत्व दल नेकपा (माओवादी केन्द्र) तेस्रो धनी पार्टी देखिएको छ । आर्थिक वर्ष २०७८/०७९ को मसान्तसम्म माओवादीले पार्टी सदस्यता शुल्क र लेबीबाट नौ करोड १३ लाख रूपैयाँ आम्दानी गरेको वित्तीय विवरणमा उल्लेख छ । त्यसमध्ये आठ करोड ६९ लाख रूपैयाँ खर्च गरेको छ। करिब ३२ लाख रूपैयाँ माओवादीको बचत छ ।

संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले आर्थिक वर्ष २०७८/७९ सम्म १४ करोड ८९ लाख ९४ हजार ८७ रूपैयाँ आम्दानी गरेको थियो । तर, १७ करोड ९० लाख ७८ हजार २२२ रूपैयाँ खर्च गर्‍यो । र, कांग्रेसले तीन करोड रूपैयाँभन्दा बढी घाटामा रहेको जनाएको छ । पार्टी महाधिवेशनमा सबैभन्दा बढी खर्च (**बाँकी पृष्ठ २ मा**)

# विवरण नबुझाउने दललाई २० हजारसम्म जरिवाना

- स्पष्टीकरण पेस गर्न अटेर गरेका तीन दललाई २० हजार रूपैयाँ जरिवाना
- चित्तबुझ्दो स्पष्टीकरण नदिएका दललाई १५ हजार रूपैयाँका दरले जरिवाना

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निर्वाचन आयोगले लेखापरीक्षण प्रतिवेदन नबुझाउने र ढिलो बुझाउने राजनीतिक दललाई जरिवाना तोकेको छ । सोमबार बसेको आयोगको बैठकले समयमा लेखापरीक्षण प्रतिवेदन पेस नगरेका दललाई जरिवाना तोकेको आयोगका प्रवक्ता शालिग्राम शर्मा सोमबार पौडेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

समयमा प्रतिवेदन पेस नगर्ने र स्पष्टीकरणको जवाफ नदिएका ११ दललाई २० हजार रूपैयाँका दरले जरिवाना तोकेको छ । लेखापरीक्षण सार्वजनिक गरी तोकिएको समयमा विवरण नबुझाउने ३९ दललाई सात-सात हजार रूपैयाँ जरिवाना तिराएको छ ।

त्यस्तै, प्रतिवेदन पेस नगर्ने चार राजनीतिक दललाई १५ हजार, दुई आर्थिक वर्षको लेखापरीक्षण नबुझाउने दुई दललाई १५ हजार रूपैयाँ जरिवाना तोकिएको छ । यस्तै आयोगले केही राजनीतिक दललाई स्पष्टीकरण पनि सोधेको छ । त्यसैगरी पाँच राजनीतिक दललाई १० हजार रूपैयाँ जरिवाना तोकेको छ । राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ४१ अनुसार दलहरूले आर्थिक वर्ष सकिएको छ महिनाभित्र लेखापरीक्षण गराउनुपर्ने र त्यसको एक महिनाभित्र आयोगमा प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था छ ।

**२० हजार जरिवाना पर्ने दल**

आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन नबुझाउने पाँच राजनीतिक दललाई कानुनबमोजिम स्पष्टीकरण पेस गर्न आदेश दिइएकोमा तीन दलले अटेर गरेकोले ती दललाई २० हजार रूपैयाँ जरिवाना बुझाउन निर्देशन दिइएको छ। 'त्यस्ता राजनीतिक दललाई छ महिनाभित्र दलको आय व्ययको लेखापरीक्षण गराई सार्वजनिक गरी सोको जानकारीसहितको लेखापरीक्षण प्रतिवेदन आयोगमा बुझाउन आदेश दिने,' आयोगको निर्णयमा भनिएको छ । यसरी जरिवानामा (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## विमानस्थलबाट श्रमिक फिर्ता प्रकरण

# वैदेशिक रोजगार विभागको ध्यानाकर्षणपछि अध्यागमनले स्वीकार्‍यो कार्यक्षेत्र




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा हिँडेका श्रमिकलाई विमानस्थलबाट फर्काइएको विषयमा दुई सरकारी निकायबीच जुहारी चल्यो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार विभाग र गृह मन्त्रालयअन्तर्गतको अध्यागमन विभागबीच विज्ञप्तिमार्फत सार्वजनिक जुहारी चलेको हो ।

अध्यागमनले आफ्नो कार्यक्षेत्र मिचेको भन्दै वैदेशिक रोजगार विभागले ध्यानाकर्षण गराएपछि अध्यागमन विभागले फेरि विज्ञप्तिमार्फत नै आफ्नो प्रस्टीकरण दिएको छ । सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी जोर्डन र कुवेत जान लागेका श्रमिकलाई त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलबाट फर्काएको घटनामा क्षेत्राधिकार स्मरण गराउँदै रोजगार विभागले विज्ञप्ति जारी गरेको थियो । त्यसपछि भने अध्यागमन विभागले आफ्नो कार्यक्षेत्र स्वीकार्दै अर्को विज्ञप्ति जारी गरेको छ ।

रोजगारीका लागि जोर्डन र कुवेत हिँडेका श्रमिकहरूले पेस गरेको कागजात शंकास्पद भन्दै १३७ जनाभन्दा बढीलाई अध्यागमन कार्यालयले विमानस्थलबाटै फर्काएको थियो । सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी विदेश हिँडेका श्रमिकहरूलाई आशंकाकै भरमा विमानस्थलबाट फर्काइनु अन्याय भएको भन्दै वैदेशिक रोजगार व्यवसायीहरूले अध्यागमन विभाग घेराउ गर्दै प्रदर्शनसमेत गरे ।

व्यवसायीको प्रदर्शनपछि अझै कठोर बनेको अध्यागमन विभागले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई अर्को निर्णय नभएसम्म थप प्रक्रियासहित कागजात पेस गर्नुपर्ने व्यवस्था गरिएको भन्दै निर्देशनात्मक विज्ञप्ति जारी गरेको थियो । अध्यागमनको उक्त विज्ञप्तिप्रति ध्यानाकर्षण गराएको भन्दै वैदेशिक रोजगार विभागले पनि विज्ञप्ति जारी गर्‍यो । श्रमिकलाई विमानस्थलबाट फर्काउनु मनासिब नभएको उल्लेख गर्दै २०७० कात्तिक २५ गते राजपत्रमा प्रकाशित सूचनाबमोजिम श्रमसम्बन्धी अन्तिम निर्णय गर्ने सम्पूर्ण अधिकार आफ्नो भएकाले यसमा अध्यागमन प्रवेश गर्न उपयुक्त नहुने रोजगार विभागले दाबी गर्‍यो ।

> उहाँहरु (अध्यागमन)ले विज्ञप्ति निकाल्नुभयो, हामीले पनि कार्यक्षेत्रबारे ध्यानाकर्षण गराउँदै विज्ञप्ति निकाल्यौं । फेरि आ-आफ्नो कार्यक्षेत्रभित्र रही कार्यसम्पादन गर्ने प्रतिबद्धतासहित विज्ञप्ति आएको छ । यसबारे आन्तरिकरुपमा कुनै छलफल भएको जानकारी छैन ।
>
> ■ **गुरुदत्त सुवेदी**
> निर्देशक, वैदेशिक रोजगार विभाग

यसरी आफ्नो क्षेत्राधिकारको स्मरण गराएपछि अध्यागमन विभागले नेपाल सरकार कार्यविभाजन नियमावली-२०७४ बमोजिम कार्यक्षेत्र तोकिएका विषयमा तत्तत् निकायको जिम्मेवारीभित्र पर्ने विषयमा विभाग प्रवेश गर्ने कुनै मनसाय नभएको प्रस्टीकरणसहित पुनः विज्ञप्ति जारी गरेको छ । अध्यागमनले भनेको छ, 'प्रचलित कानुनले दिएको आ-आफ्नो कार्यक्षेत्रभित्र रही कार्य सम्पादन गर्ने विषयमा अध्यागमन विभाग पूर्णप्रतिबद्ध रहेको छ ।'

अध्यागमन विभागले वैदेशिक रोजगार ऐन, २०६४ ले गरेका संस्थागत श्रम स्वीकृति सम्बन्धमा सम्बन्धित निकायहरूको जिम्मेवारीभित्र पर्ने र आगमन तथा प्रस्थानलाई व्यवस्थित गर्ने कार्यमात्रै आफ्नो कार्यक्षेत्रभित्र पर्ने स्वीकार गरेको छ । संस्थागत श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा जाने श्रमिकहरूको समस्या समाधानमा सरोकारवाला निकायबीच आपसी छलफल, समन्वय र सहकार्य गर्न विभाग दृढ र प्रतिबद्ध रहेको उल्लेख गरेको छ ।

विदेश जान लागेका श्रमिकलाई विमानस्थलबाटै फर्काइनु आफ्नो क्षेत्रधिकार नभएको स्वीकार गरेको अध्यागमन विभागले उनीहरूलाई पुनः विदेश पठाउनेसम्बन्धमा भने मौनता देखाएको छ। विभागले श्रमिकलाई रोक्नु गल्ती भएको स्वीकार गरे पनि उनीहरूलाई पठाउने वा क्षतिपूर्ति दिनेबारे केही उल्लेख नगरेको वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए ।

'व्यवसायी र श्रमिकलाई विनाकारण दुःख दिने काम भएको छ,' उनले भने, 'सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरे पनि श्रमिकहरूलाई जान नदिएका कारण हवाई टिकट शुल्कबापत ठूलो आर्थिक क्षति भएको छ, यसको क्षतिपूर्ति अध्यागमन विभागले दिनुपर्छ ।'

उनका अनुसार रोकिएका र भिसा अवधि सकिएका कामदारले क्षतिपूर्ति पाउनुपर्ने र पुनः रोजगारीमा जाने वातावरण बनाउन मंगलबार (आज) श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र मन्त्रालयका सचिव केवल भण्डारीसँग छलफल गर्ने कार्यक्रम छ । भुर्तेलले श्रमिकलाई क्षतिपूर्तिसहित सुरक्षितरूपमा विदेश जाने व्यवस्था मिलाउनु एकमात्र बटमलाइन भएको छ ।

यस्तै दुई विभागबीच क्षेत्राधिकारका विषयमा विवाद उत्पन्न भए पनि कुनै छलफल नभएको वैदेशिक रोजगार विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले बताए । 'उहाँहरूले विज्ञप्ति निकाल्नुभयो, हामीले पनि कार्यक्षेत्रबारे ध्यानाकर्षण गराउँदै विज्ञप्ति निकाल्यौं,' उनले भने, 'फेरि आ-आफ्नो कार्यक्षेत्रभित्र रही कार्यसम्पादन गर्ने प्रतिबद्धतासहित विज्ञप्ति आएको छ, यसबारे आन्तरिकरूपमा कुनै छलफल भएको जानकारी छैन ।' विमानस्थलबाट फर्काइएका श्रमिकहरूको सम्बन्धमा भने कुनै निर्णय भइनसकेको सुवेदी बताए । उनीहरूलाई सुरक्षितरूपमा वैदेशिक रोजगारीमा जाने वातावरण बनाउनुपर्ने उनले बताए । लामो प्रक्रिया पूरा गरेर श्रम स्वीकृति लिएका श्रमिकहरूलाई रोक्नु न्यायोचित नहुने भन्दै यसबारे छिट्टै निर्णय हुने निर्देशक सुवेदीको भनाइ छ ।


**नेपाल सिमेन्ट उत्पादक संघ**
**Cement Manufacturers Association of Nepal**

**प्रेस- विज्ञप्ति**

केही दिनयता मारुती सिमेन्ट्स लिमिटेड र यसमा आबद्ध सञ्चालक तथा कर्मचारीहरूमाथी भएको धरपकड र सिमेन्टको गुणस्तरका विषयमा विभिन्न सञ्चारमाध्यममा आएका सामग्रीप्रति यस संघको गम्भीर ध्यानाकर्षण भएको छ । मारुती सिमेन्ट्स लिमिटेड द्वारा उत्पादित सिमेन्ट र सिमेन्ट उत्पादन तथा बिक्री गर्ने उद्योगी तथा व्यवसायी माथि ठगी (आपराधिक विश्वासघात) सम्बन्धको मुद्दा दर्ता गर्ने कार्यप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको हो ।

देशमा दिन प्रतिदिन उद्योग सञ्चालन गर्ने वातावरण खस्किदै जानुका साथै लगानीको वातावरण पनि बन्न नसकेको अवस्थामा उद्योगीहरूलाई हतोत्साहित तुल्याउने यस्ता क्रियाकलापबाट देशलाई कतै फाइदा नहुने तथ्य स्पष्ट नै छ । कानूनविपरित काम गरेको भए जो कोही पनि उचित कारवाहीको भागीदार हुनुपर्दछ । यसमा संघले समेत सहयोग गर्ने छ । तर कुनै व्यक्तिले विषयलाई निहित स्वार्थका लागि नै दिएको उजुरीका आधारमा अर्बौं लगानी गरी हजारौंलाई रोजगारी दिई करोडौं रुपैयाँ राजश्व तिर्ने उद्यमी व्यवसायीलाई अमर्यादित व्यवहार गरी थुन्ने तथा पक्राउ पुर्जी जारी गर्ने जस्ता कार्यहरू गर्नु गराउनुले समग्र औद्योगिक वातावरणमा नकारात्मक असर पर्न जाने कुरा पनि प्रष्ट नै छ । उद्यमी व्यवसायीहरूमाथि पछिल्लो समयमा भइरहेका यस्ता धरपकडले उद्योगमा लगानी गर्न चाहने स्वदेशी तथा विदेशी लगानीकर्ताहरू निरुत्साहित हुने कुरालाई नजरअन्दाज गर्न सकिँदैन ।

अनुसन्धानको प्रक्रियामा कुनै पनि प्रभाव पार्न सक्ने अवस्था नरहेको उद्योगी तथा व्यवसायीलाई सामान्य मुद्दामा दोषी ठहर नभएको अवस्थामा हिरासतमा राख्ने जस्तो कार्य उचित होइन ।

नेपालमा सिमेन्टको बिक्री वितरणमा गुणस्तर प्रमाण चिन्ह अनिवार्य रहेको र उद्योगले आफ्नो उत्पादन सिमेन्ट ब्याचअनुसार आफ्नो प्रयोगशालामा परीक्षण गरेपश्चात मात्र बिक्री वितरणका लागि बजारमा पठाउने कार्य गर्दै आईरहेको छन् । साथै समय-समयमा सिमेन्टको गुणस्तर नेपाल गुणस्तर तथा नापतौल विभागबाट पनि परिक्षण हुदै आइरहेको छ । गुणस्तरसम्बन्धी विषयलाई लिएर हुने कारवाही सम्बन्धित ऐन नियमअनुसार नै हुनुपर्ने कानूनी व्यवस्थालाई विषयान्तर गरी ठगी (आपराधिक विश्वासघात) मुद्दा दर्ता गरी पक्राउ पुर्जी जारी गरिनु गलत भएको संघको ठहर छ ।

सिमेन्ट उत्पादनमा नेपाल आत्मनिर्भर भई निकासीसमेत गर्दै आएको वर्तमान अवस्थामा उद्योगलाई आफ्नो सफाइको मौकासमेत नदिन गरिने उद्यमीप्रति लक्षित यस प्रकारको गतिविधिले समग्र उद्योगी व्यवसायीहरूमा नकारात्मक प्रभाव पर्न जाने समग्र उद्योगी व्यवसायीहरूको मनोबलमा सधैं डर र त्रासको वातावरण सिर्जना हुन जाने भएकाले उद्योगमैत्री वातावरण कायम राखी निर्वाधरूपमा उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरण सिर्जना गरी देशको आर्थिक क्रियाकलाप वृद्धि गर्न सहयोग गरिदिनु हुनका लागि सम्पूर्ण सरोकारवाला निकायहरूसंग यस संघ हार्दिक अपिल गर्दछ ।

ई. केशव प्रसाद उप्रेति
महासचिव
मिति : २०८०/०३/२९

सिग्नेचर अपार्टमेन्ट II, पहिलो तल्ला, टेकु, काठमाडौं, नेपाल
टेलिफोनः ०१-४१०००००५ फ्याक्स : ९७७-१-४४३६३२७
ईमेलः cementassociationnepal@gmail.com

# उपत्यकामा साउनको पहिलो सोमबार









१) र २) साउनको पहिलो सोमबार पशुपतिनाथ मन्दिरमा पूजा अर्चनाका लागि आएका भक्तजनहरूको घुइँचो।

३) काठमाडौंको टोखा नगरपालिका-१ भोरमा अवस्थित धार्मिक एवं पर्यटकीयस्थल बौडेश्वर महादेव मन्दिरमा पूजा आराधना गर्न साउनको पहिलो सोमबार लामबद्ध भक्तजन ।

४) पहिलो साउने सोमबार भक्तपुरको सूर्यविनायक नगरपालिका-८ सिपाडोलस्थित प्रसिद्ध केदारनाथको शिर डोलेश्वर महादेव मन्दिरमा भक्तजनको भीड ।

*तस्बिरहरू: रासस*

## कामपाभित्र अब नियमित बजार अनुगमन

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले बजारलाई थप व्यवस्थापन गर्नका लागि नियमितरूपमा अनुगमन गर्ने भएको छ । आफ्नो क्षेत्राधिकारभित्रको अनुगमन र मूल्यांकनको पद्धतिमा वार्षिक कार्ययोजना तयार गरी अनुगमन कार्यलाई नियमित गर्ने कामपाकी उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

सेवा प्रवाह, विकास निर्माण र जनजीविकासँग सम्बन्धित कामको प्रभावकारी कार्यान्वयन र नतिजा मापनका लागि अनुगमन कार्यलाई नियमित गर्नेमा उपप्रमुख डंगोलले जोड दिए । उनले भने, 'त्यसका लागि मातहतका सम्बन्धित सबै विभागीय प्रमुखलाई जिम्मेवार बनाई सोहीअनुसार काम अघि बढाइन्छ ।

कामपाले अनुगमन मूल्यांकन प्रणालीमार्फत नीति, योजना, कार्यक्रम र आयोजनाको निगरानीका लागि क्षमता बढाउनुपर्ने पनि उनले बताए । अनुगमन गर्न जाने अधिकारीसँग विषयसम्बन्धी कानुनी तथा प्रशासनिक ज्ञान र कार्य सञ्चालन/सम्पादनको प्रक्रियाका विषयमा थाहा हुनुपर्छ । त्यसबारे नतिजा थाहा हुनुपर्छ । यति भएमात्र प्रभावकारी अनुगमन हुन सक्छ ।

स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा उपभोक्ता अधिकार तथा बजार व्यवस्था अनुगमन समितिको व्यवस्था गरिएको छ । कार्यपालिकाअन्तर्गतका विषयगत समितिले गरेका काम, स्वीकृत वार्षिक कार्यक्रमको अनुगमन उपप्रमुखको संयोजकत्वमा रहेको समितिले गर्छ ।

उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेर नगरसभाबाट पारित भएका कार्यक्रमको अनुगमन उपप्रमुखकै संयोजकत्वमा रहेको अनुगमन तथा सुपरीवेक्षण समितिले गर्छ । सुपरीवेक्षण समितिका कामको समन्वय एकाइले गर्छ । यस समिति मातहतमा जनजीविका र सार्वजनिक सरोकारका क्षेत्रको अनुगमन गर्न पाँच वटा अनुगमन टोली गठन गरिएका छन् ।

कामपाले आगामी आवका लागि व्यक्तिगत तथा संस्थागत भान्साका लागि स्वस्थकर बनाइ आरोग्ता कायम गर्न स्वच्छ भान्सा कार्यक्रमका लागि तीन करोड ५० लाख रूपैयाँ रकम विनियोजन गरेको छ । केही दिनअघि पनि कामपाले गरेको अनुगमनका क्रममा अखाद्य सामग्री बिक्री वितरण गरेको भन्दै लाजिम्पाटको एक पसललाई एक लाख ५० हजार रूपैयाँ जरिवाना तिराएको थियो ।

## वीर र ट्रमा सेन्टरमा बिहान ८ बजेदेखि ओपिडी सेवा

**काठमाडौं (रासस)**– वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरमा सोमबारदेखि बहिरंग सेवा (ओपिडी) बिहान ८ बजेदेखि सुरु भएको छ । यसअघि बिहान ९ बजेदेखि ओपिडी सेवा सञ्चालन हुँदै आएको थियो ।

वीर अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले बिरामीलाई सहज सेवा दिने उद्देश्यले ओपिडी सेवा बिहान ८ बजेदेखि सुरु गरिएको जानकारी दिए । दुवै अस्पतालमा टिकटको समय बिहान ७ बजेदेखि अपराह्न २:३० बजेसम्म निर्धारण गरिएको उनले बताए ।

वीर अस्पतालमा शल्यक्रिया सेवा बिहान ८ बजेदेखि सुरु हुने अस्पतालले जनाएको छ । अस्पताल प्रशासनले सबै कर्मचारीको इ-हाजिरी अनिवार्य गरिएको जनाएको छ । अस्पतालबाट दैनिक तीन हजार बिरामीले ओपिडी सेवा लिइरहेका छन् ।

ट्रमा सेन्टरका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. बद्री रिजालले बिहान ८:१५ बजेदेखि ओपिडी सेवा सुरु गरिएको जानकारी दिए । उनका अनुसार ट्रमा सेन्टरअन्तर्गत रहेका सबै विभागमा बिहानैदेखि ओपिडी सेवा सुरु गरिएको छ ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) कार्यकारी परिषद्को बैठकले वीर अस्पताल र ट्रमा सेन्टरमा बिहान ८ बजेदेखि ओपिडी सेवा सुरु गर्ने निर्णण गरेको थियो ।

## विवरण नबुझाउने...

पृष्ठ १ बाट जारी

पर्ने दलहरूमा आम आदमी पार्टी नेपाल, राष्ट्रिय जनमुखी पार्टी लोकतान्त्रिक र नेपाल कम्युनिस्ट पार्टी लोकतान्त्रिक रहेका छन् ।

त्यसैगरी आव २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन तोकिएको समयभित्र पेस नगर्ने १६ राजनीतिक दललाई स्पष्टीकरण सोधिएकोमा तोकिएको समयावधिभित्र नबुझाउने आठ दललाई पनि २० हजार रूपैयाँ जरिवाना तोकिएको छ । यसरी जरिवानामा परेका दलहरूमा नेपाल नौलो जनवादी पार्टी, नेपाल राष्ट्रवादी पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट), देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल, माओवादी जनमुक्ति पार्टी नेपाल, सामाजिक एकता पार्टी, साझा पार्टी नेपाल र नेपाल कम्युनिस्ट पार्टी (गौरवशाली) रहेका छन् ।

### ६ दललाई १५ हजार

चित्तबुझ्दो स्पष्टीकरण नदिएका दलहरूलाई आयोगले १५ हजार रूपैयाँ जरिवाना तोकेको छ । यसरी जरिवानामा परेका दलहरूमा मुस्कान सेना नेपाल पार्टी, शिव सेना नेपाल पार्टी, नेपाः राष्ट्रिय पार्टी, गान्धीवादी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी परिवर्तन र समाजवादी केन्द्र नेपाल रहेका छन् ।

### विवेकशील र सद्भावनालाई सात हजार

कुनैबेला मधेस क्षेत्रमा चर्चित रहेको नेपाल सद्भावना पार्टी र बागमती प्रदेशमा उदाएको विवेकशील साझा पार्टीलाई पनि सात-सात हजार रूपैयाँ जरिवाना तोकेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरी सोको जानकारी आयोगमा प्राप्त भएको तर आयोगले तोकेबमोजिम लेखापरीक्षण प्रतिवेदन तोकेको समयावधिभित्र सार्वजनिक गरी उक्त जानकारी आयोगमा पेस नगरेको भन्दै यी दुई दललाई पनि जरिवाना तोकेको जनाइएको छ । यसरी जरिवानामा पर्नेमा ३९ दल रहेका छन् ।

## एमाले धनी...

पृष्ठ १ बाट जारी

भएको कांग्रेसले बुझाएको वित्तीय विवरणले देखाएको छ ।

माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकत समाजवादीसँग २०७८/७९ सम्म सात करोड रूपैयाँ आम्दानी गरेको विवरण छ । रवि लामिछाने नेतृत्वको दल राष्ट्रिय स्वतन्त्र पार्टीले चार लाख नौ हजार ७६० रूपैयाँ आम्दानी गरेको छ । अधिकांश दलले आयोगमा आर्थिक वर्ष २०७८/७९ को आयव्यय विवरण बुझाउन बाँकी रहेको आयोगले जनाएको छ । विवरण नबुझाउने दलहरूलाई आयोगले जरिवाना तोकेको छ ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक ८५ असार ३१ गते २०८० मा प्रकाशित TRIKON MANAGEMENT SERVICES PVT. LTD. को Lot No. 272653 को कम्पनीको विज्ञापनमा TRIKON MANAGEMENT SERVICES PVT. LTD. हुनुपर्नेमा अन्यथा सच्याईएको जानकारी गराईन्छ ।

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**

पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन ५४५६०२०/५४५६०९१

सम्पर्क नं : ९८०१२५०५५५, ९८०११०५५७७



**घोडाघोडी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुखड, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) कर उठाउने ठेक्का (E-Bidding) सम्वन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८०।०४।०२)**

यस नगरपालिकावाट आर्थिक वर्ष २०८०।०८१ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११( घ) को उपदफा २ अनुसार यस नगर क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदि खोलाहरुमा ढुंगा, गिट्टि, बालुवा, ग्राभेल, भरान (माटो) आदि कूल संकलन देहाय बमोजिम घन मि. मात्र बिक्रिमा कर दस्तुर रकम संकलन गर्न ठेक्का गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वाट वा कम्पनीहरुवाट E-Bidding मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। साथै टेण्डर खरिद गर्दा घोडाघोडी नगरपालिकाको नाममा कृषि विकास बैंक, सुखड शाखामा रहेको **राजश्व खाता नं.०८२२३००४१११५११९६, धरौटी खाता नं.** ०८२२३००४१११५१०९९ मा देहायको टेण्डर दस्तुर/धरौटी वापतको रकम दाखिला गरी अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि बेबसाइट www.bolpatra.gov.np/epg मा गई Tender document हेर्न तथा डाउनलोड गर्नसकिनेछ ।

ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) बिक्रि कर संकलन ठेक्का अवधी ठेक्का सम्झौता भई सम्झौता गरेको मितिले २०८१ (जेष्ठ मसान्त) सम्मको लागि मात्र लागु हुनेछ। (चुरे संरक्षित क्षेत्र बाहेक)

**साथै यस ठेक्का संग सम्बन्धित सम्पूर्ण जानकारी र सर्तहरु घोडाघोडी नगरपालिकाको Website: ghodaghodimun.gov.np मा हेर्न सकिनेछ ।**

**तपसील:**

| ठेक्का नं. | नदि/खोलाको विवरण | कूल घन मिटर | न्यूनतम ठेक्का अंक रु. (कर बाहेक) | धरौटी रकम रु. | टेण्डर फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| NCB/GMUN/GOODS/02/2080/081 | कान्द्रा नदी, टेङ्गना नदी, कन्द्री नदी, डोडा नदी, भिङ्गे भाला नदी | १६२५५२.४०/- | ३,४४,१७,२१९.७०/- (तिन करोड चौवालिस लाख सत्र हजार दुई सय उन्नाईस रुपिया र पैसा सत्तरी मात्र) | कबोल अंकको ५% रकम (VAT सहितको रकमको) | रु.५,०००/- (पाच हजार मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# तस्बिरमा साउने सोमबारको उत्सव










**१) साउनको पहिलो सोमबार तनहुँको शुक्लागण्डकी नगरपालिका–२ गाछेपानीस्थित मुक्तिनाथ च्यवनधाममा भक्तजन ।**
**२) म्याग्दीको बेनी नगरपालिका–९ मा रहेको प्रसिद्ध धार्मिकस्थल गलेश्वर शिवालयमा साउन महिनाको पहिलो सोमबार पूजा र दर्शनका लागि आएका भक्तजनको भीड ।**
**३) साउने संक्रान्ति तथा साउनको पहिलो सोमबारका दिन पवित्रस्थल देवघाटधाममा स्नान गर्न आएका भक्तजन ।**
**४) पोखरा बैदामस्थित केदारेश्वर महादेव मन्दिरमा राखिएका शिव लिंगहरूमा साउनको सोमबारका अवसरमा गाईको दूध र जल चढाउँदै भक्तजनहरू ।**

*तस्बिरहरू: रासस*

# २१ वर्षपछि रेल चढ्न पाउँदा...

■ **गोपालप्रसाद बराल**



**महोत्तरी–** महोत्तरीको भंगाहा-४ पलारकी सियानकीदेवी बाँतरको रेल चढ्ने रहर पूरा भएको छ । सोमबार बिहानै भंगाहा-५ स्थित रेलस्टेसनबाट उनी रेल चढिन् । ‘हमरा सैद्खन रेल चलके इन्तिजार छल, आब पूरा भेल (मलाई सधैं रेल कहिले चल्ला भन्ने पर्खाइ थियो, अब पूरा भयो),’ भंगाहा स्टेसनबाट रेल जनकपुरतर्फ गुडेपछि खुसी साँट्दै बाँतरले भनिन्, ‘आब चल्ली जनकपुर ! घुइमफिरक सभ्कुा रेलस घर चैल आयब (अब हिँडे जनकपुर ! घुमफिर गरेर साँझ रेल चढेरै घर फर्कौंला)।’

वि.सं. २०५९ को बर्खे भेलले बिग्ही नदीको पुल भासिएपछि रेल सेवा बन्द भएको थियो । त्यसपछि बाँतरको जनकपुर आवतजावत पातलिएको थियो । आफ्नो ठाउँमा २१ वर्षपछि रेल चलेपछि बाँतरजस्तै भंगाहा-४ कै रामनगर बस्तीकी हेमकुमारी सदा पनि दंग छिन् ।

‘आब त बजार कर आ सब मेलामें जनकपुर सहजे जासकैछि (अब त बजार काम र जुनसुकै मेला हेर्न सजिलै जनकपुर जान सकिन्छ),’ रेल चल्दा खुसी भएकी सदाले भनिन् ।

आइतबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले नेपाल रेल्वे कम्पनीको जयनगर-बर्दिबास रेल्वेको भंगाहा-कुर्था खण्डको थप १७ किलोमिटर दूरीको सेवा विस्तारको उद्घाटन गरेपछि सोमबारदेखि नियमित रेल सेवा सुरु भएको हो । रेल सेवा सञ्चालनमा आएपछि यहाँका बासिन्दामा खुसीयाली छाएको छ ।

आफू सानो छँदा आमाले रेलमा चढाएर जनकपुर घुम्न लगेको सम्झँदै भंगाहा-४ रामनगरकै ३० वर्षीय रामईश्वर ठाकुर भन्छन्, ‘रेल चढ्न फेरि पायौं, अब जनकपुरदेखि भारतको जयनगरसित सीधा सम्पर्कमा जोडिएका छौं ।’

वि.सं. २०५९ अघि भंगाहाको यसै ठाउँमा अवस्थित स्टेसनलाई विजलपुरा भनिन्थ्यो । यहाँबाट दैनिक जनकपुर हुँदै जयनगरसम्म रेल सेवा सञ्चालनमा थियो । बर्खेभेलले बिग्ही नदीको पुल भासिएपछि रेल सेवा बन्द हुनपुगेको थियो । त्यतिखेर कोइला/दाउराले इञ्जिनको सानो लिकमा चल्ने रेलको ठाउँमा अब ब्रोडगेज (ठूलो लिक) र डिजलबाट चल्ने भएको छ । इञ्जिन र डब्बा (बोगी) टलक्क टल्कने रेल चढेर स्थानीयवासी पहिलो दिन नै रामजानकी दर्शन गर्न जनकपुर प्रस्थान गरेका थिए ।

रेल सेवा विस्तार भई अब जयनगर-बर्दिबाससम्म चल्ने भएको छ । यसका तीन खण्डमध्ये पहिलो खण्ड (कुर्था-जयनगर) को ३५ किलोमिटर दूरीमा यसअघि नै सेवा सञ्चालन भइसकेको छ । सोमबार सेवा विस्तार भएको दोस्रो खण्ड (भंगाहा-कुर्था) को दूरी १७ किलोमिटर छ । तेस्रो खण्ड (भंगाहा-बर्दिबास) को १८ किलोमिटर दूरीमा भने लिक र अन्य पूर्वाधार निर्माणको काम नथालिँदा यस खण्डमा कहिले रेल चल्ने भन्नेबारे अन्योल छ । तेस्रो खण्डमा जग्गा मुआब्जा विवाद लम्बिँदा निर्माणमा ढिलाइ भएको छ । किसानले मुआब्जा लिइसकेकाले निर्माण कम्पनीसँग काम अघि बढाउन समन्वय भइरहेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जन झाले जानकारी दिए ।

‘भंगाहा-कुर्था खण्डमा सेवा विस्तार भएपछि अब रेल ५२ किलोमिटरमा नियमित चल्ने भएको छ,’ उनी भन्छन्, ‘अब चाँडै तेस्रो खण्डमा काम अघि बढ्नेछ ।’ भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सन् २०१४ देखि काम सुरु भएको हो । बर्दिबास (महोत्तरी)-जनकपुरधाम (धनुषा)-जयनगर (भारत) सम्मको ६९ किलोमिटर दूरीमध्ये अब ५२ किलोमिटरमा रेल चल्न थालेको छ ।

रेल सेवा सञ्चालनका तिथिमिति पटकपटक तोकिए पनि रेल नचलेपछि महोत्तरीको भंगाहा, पशुपतिनगर, प्रेमनगर, लोहारपट्टी, सिंग्याही, धमौरा, हरिनमरी, हतिसर्वा, मेघनाथगोरहन्ना, बलवासहितका बासिन्दा तथा धनुषाको खोरिया सीतापुर, धुमासान, भूचक्रपुर र कात्तिककुमारसम्मका बासिन्दा निराश भएका थिए । ‘अब रेल नियमित बढ्न पाइने आशा छ,’ धनुषाको खोरिया सीतापुरकी कौशल्या कापरले खुसी हुँदै भनिन् ।

‘कि कहुँ, पोरे साल रेल चलके बात छल, मुदा ओहिना हल्लेमे सिमटागेल (के भनौं, परार नै रेल चल्ने कुरा थियो, तर कुरैमा मात्रै सिमित रह्यो),’ उनले भनिन्, ‘अब सबै पीर हट्यो, सागसब्जी र दूध सजिलै जनकपुरहुँदै जयनगर बिक्री गर्न सकिने भयो ।’ रेल सञ्चालनसँगै व्यापार व्यवसायमा पनि टेवा पुग्ने यहाँका बासिन्दा बताउँछन् ।

अहिले दैनिक एकपटक साँझ भंगाहा आउने र बिहान ७.३० बजे रेल छुट्ने व्यवस्था मिलाइएको महाप्रबन्धक झाको भनाइ छ । पछिल्लो पटक २०७८ चैत १९ गते प्रथम खण्ड (कुर्था-जयनगर) मा सञ्चालनमा आएको रेल सेवा गत मंसिरको विवाहपञ्चमीदेखि दुईपटक गरिएको थियो । सो खण्डको सेवा सोमबारदेखि तीन पटक गरिएको कम्पनीले जनाएको छ ।

सन् २०१० मा नेपाल र भारतबीच भएको सम्झौताअनुरूप भारत सरकारको सात अर्ब २० करोड रूपैयाँको आर्थिक सहयोग (सम्झौताका बेला उल्लेखित रकमपछि समय लम्बिँदै जाँदा १२ अर्ब रूपैयाँ पुगेको) मा ब्रोडगेज रेल्वे विस्तारको काम सन् २०१४ मा सुरु भएको हो । निर्माणको काम भारतीय कम्पनी ‘इरकन’ले गर्दै आएको छ । *रासस*

कक्षा ११ मा भर्ना

# भविष्यको योजना बनाएर विषय रोज्ने कि लहडमा ?

■ **प्रकाश सिलवाल**

**काठमाडौं–** माध्यमिक शिक्षा परीक्षा (एसइई)को परीक्षाफल प्रकाशनसँगै कक्षा ११ मा भर्नाका लागि विद्यार्थी र अभिभावक कुन विषय कहाँ पढ्ने भनेर भौतारिरहेका छन् । कक्षा ११ र १२ अध्यायन हुने अधिकांश शिक्षालयमा प्रवेश परीक्षाको प्रबन्ध गरिएकाले विद्यार्थी एकभन्दा धेरै विद्यालयमा परीक्षा दिन व्यस्त भएका छन् । उनीहरूले प्राप्त स्तरीकृत अंकका आधारमा कुन शिक्षालयमा छात्रवृत्ति वा कति शुल्क छुट पाइन्छ भनेर चासोपूर्वक बुझिरहेका छन् ।

कतिपय ठूला भनिएका निजी क्षेत्रका कलेजसमेतले कक्षा ११ मा भर्ना प्रक्रिया लगभग पूरा गरिसकेका छन् । परीक्षाको वार्षिक कार्यतालिका अनुसार भर्नाको राष्ट्रिय क्यालेण्डर लागू नहुँदा विद्यार्थी र अभिभावकमा एक प्रकारको अन्योल देखिएको छ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले यसको समग्र व्यवस्थापनका लागि केन्द्रीय शैक्षिक निकाय र सम्बन्धित स्थानीय तहले समन्वय गर्नुपर्नेमा आफूहरूले स्मरण गराएको बताए । बोर्डले स्तरीकृत परीक्षाका लागि जोड दिँदै आएको छ ।

काठमाडौं महानगरपालिकाले एसइईको नतिजा प्रकाशन भएको १५ दिनसम्म भर्नाका लागि समय दिन सार्वजनिक सूचना गरेको छ भने छात्रवृत्तिका लागि परीक्षा आफैंले लिने तयारी गरेको छ । महानगरपालिकाभित्र सञ्चालित संस्थागत शिक्षण संस्थामा शैक्षिकसत्र २०८०/८१ मा छात्रवृत्तिमा पढ्न चाहनेले यही असार २८ गतेदेखि साउन १२ गतेसम्म अनलाइन आवेदन फाराम भर्न सूचनामा भनिएको छ । छात्रवृत्तिका लागि आगामी साउन २० गते परीक्षा सञ्चालन हुनेछ ।

महानगरपालिकाले कक्षा ११ मा निजी (संस्थागत) विद्यालयले लिने शुल्कको विवरण भर्नाअगावै उपलब्ध गराई स्वीकृत गराउन पनि निर्देशन दिएको छ । मुलुकका अधिकांश स्थानीय तहले भने व्यवस्थितरूपमा कक्षा ११ र १२ को शिक्षाबारे अनुगमन र निर्देशनमा ध्यान दिन सकेका छैनन् ।

कक्षा ११ मा भर्नाका लागि माध्यमिक शिक्षा परीक्षा, कक्षा १० को अध्ययन पूरा गरी एसइईको परीक्षाफलमा न्यूनतम औसत ग्रेड प्वाइन्ट (जिपिए)का १.६ अंक प्राप्त गरेका विद्यार्थी योग्य हुनेछन् । यसका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्को २०७९ भदौ १९ को बैठकको निर्णयअनुसार सानोठिमीस्थित पाठ्यक्रम विकास केन्द्रले गरेको पत्राचारका आधारमा राष्ट्रिय परीक्षा बोर्डले सोबारे सूचित गराइसकेको छ ।

पद्मोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद गौतमले आफ्नो विद्यालयमा कक्षा ११ मा विज्ञान विषय पढ्न ८० विद्यार्थीको कोटा रहेकामा पहिलो चरणमा यही साउन ३ गते प्रवेश परीक्षा लिइने र कोटा पूरा नभए अर्को परीक्षा लिइने जानकारी दिए । पर्याप्त प्रयोगशाला अभावका कारण विद्यालयले विद्यार्थीको कोटा बढाउन सकेको छैन । विद्यार्थीले विषय र शिक्षालय रोज्दा साथीसाथीको लहैलहैमा लागेर नभई भोलिको आफ्ना योजना के छ, त्यसलाई पूरा गर्न कहाँ सहज हुन्छ भन्ने आधारमा विद्यालय छान्न उनले सुझाव दिए ।

जेभियर इन्टरनेसनल स्कुलका प्रबन्ध निर्देशक लोकबहादुर भण्डारीले विद्यार्थीले सुनेको सूचनाका आधारमा मात्र नभई आफैंले सामाजिक सञ्जालबाट अध्ययन र स्थलगत अवलोकन गरेर शिक्षालयको गुणस्तर, उचित वातावरण, शिक्षण प्रक्रियाको टुल्स, अन्तर्राष्ट्रियस्तर आदि हेरेर विषय र विद्यालय रोज्ने गरेको पाइएको बताए । जिपिए ४ ल्याउने कतिपय विद्यालय आफ्नो कलेजमा भर्नाका लागि आएको उल्लेख गर्दै उनले निजी शिक्षालयबीच हुने स्वच्छ प्रतिस्पर्धालाई सबैले स्वीकार्नुपर्नेमा जोड दिए ।

नेपाली उपभोक्ता महासंघका प्रवक्ता लुमडी कार्कीले उस्तै विषय उस्तै शिक्षालयमा पढ्न कतै वर्षमा ५० हजार रूपैयाँ भए हुने र कतै पाँच लाख रूपैयाँसम्म लाग्ने स्थिति देखिएकाले यसबारे आफूहरूले स्थलगत अध्ययन गरी प्रतिवेदन ल्याउने तयारी गरेको जानकारी दिए ।

उनले उपभोक्तालाई हुने यस प्रकारको भ्रम चिर्न र ठगी रोक्न कानुनी उपचारमा जान आफूहरू बाध्य हुने बताए । हाल कक्षा ११ र १२ मा सामुदायिक तीन हजार ६८६, निजी एक हजार १३२ र धार्मिक २८ गरी चार हजार ८४६ विद्यालय छन् । शिक्षा तथा मानवस्रोत केन्द्रका अनुसार शैक्षिकसत्र २०७९ मा कक्षा ९ देखि १२ सम्ममा ७५.४ प्रतिशत खुद भर्नादर रहेको छ भने कक्षा १२ सम्मको टिकाउ दर ३५.६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० को फागुनसम्मको अवधिमा कूल सात हजार ९३७ जनाले वैदेशिक अध्ययनका लागि अनुमतिपत्र लिएको आकडा छ ।

बोर्डका अनुसार यस वर्ष जिपिए ०.८० देखि १.२० ग्रेडमा २२ हजार विद्यार्थी अर्थात् ०.४५ प्रतिशत र जिपिए १.२० देखि १.६० सम्ममा ३८ हजार ७७७ अर्थात् ७.९९ प्रतिशत छन् । उनीहरूले ग्रेडवृद्धिको परीक्षामा नतिजा नसुधारेसम्म कक्षा ११ मा भर्ना पाउँदैनन् ।

बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई), २०७९ मा सहभागी विद्यार्थीले प्राप्त ग्रेडमा चित्त नबुझेमा पुनर्योगका लागि आगामी साउन ५ गतेसम्म आवेदन दिन सूचना प्रकाशन गरेको छ । साधारण र प्राविधकतर्फ नियमित तथा ग्रेडवृद्धि परीक्षामा सहभागी विद्यार्थीले तोकिएको ढाँचा र प्रक्रियाबमोजिम पुनर्योग गराउन आवेदन दिन सक्नेछन् । *रासस*

**NOC हराएको सूचना**

मिति 2080-3-12 गते मुलपानिबाट चावहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको No Objection Letter Lost हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु ।

Name : **Pradip Basnet**
NOC No. **793675597/ 793675600**
Country: **Australia**
Level : **Diploma, Bachelor**
University : **Ozford Institute of Higher Education**
Address : **Katari 11, Udaypur**
Mobile : **9803709638**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०४/०२**

यस कम्पनीको वार्षिक साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/०७ को स्वीकृति अनुरुप साविक कम्पनी **अश्वद ट्राभल एण्ड टुर प्रा.लि. (प्रा.लि.नं. १७३१९४/०७४/०७५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न बुझाउन पर्ने दायित्व आदि परिवर्तित नामको कम्पनी **काबेली नेपाल टुर्स प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।

**VACANCY ANNOUNCEMENT**

Chinese Furniture making factory Huaxing Furniture Decoration (Pvt. Ltd.) is seeking for an experienced Chinese furniture craftmanship and designer.

**Workstation: Bhaktapur-1, Chundevi**

***Qualification/Experience:***

*- Basic Education with 2 Years' experience in Chinese furniture craftmanship and design.*
*- (Special Priority to the Nepalese Citizens)*

**SALARY IS NEGOTIABLE!!**

**Interested Candidates are requested to submit CV along with and legal documents within a week .**

**Huaxing Furniture Decoration (Pvt. Ltd.)**
Bhaktapur, Chundevi, Phone No. 01-6620125
Email : huaxingfurniture2018@gmail.com

**कार्यक्रमको नाम परिवर्तन सम्बन्धमा दाबी विरोध गर्ने सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/०२)

मिति २०८०/०३/३१ को सञ्चालक समितिको निर्णय बमोजिम पाटन कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि. (प्रा.लि. नं. १०६३६५/०६९/०७०) र यस अन्तर्गत सञ्चालित संस्था, पाटन कलेज फर प्रोफेशनल स्टडिजमा हाल संचालनमा रहेका कार्यक्रमहरु विश्वविद्यालय (University of Bedfordshire) ले B. Sc (Hons.) Computer Science & Software Engineering को कार्यक्रम B.Sc (Hons.) Software Engineering र B. Sc (Hons.) Computer Science मा र BA (Hons.) Business Administration को कार्यक्रम B. Sc. (Hons.) Business Management मा परीवर्तन गर्ने भएकोले सो अनुसार यस कलेजमा सोही अनुसार परिवर्तन गर्ने निर्णय भई प्रक्रिया अगाडि बढेकाले त्यसमा कसैको दाबी विरोध भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालयमा वा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखामा प्रथम पटक प्रकाशित मितिले ३५ दिनभित्र सम्पर्क गरी निवेदन दिनुहुन यसै सूचना साथ अनुरोध गरिन्छ ।

**पाटन कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि.**
ल.म.न.पा, वडा नम्बर १०, कुपण्डोल, ललितपुर । फोन नं. :०१५१८१०३३

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### फोहोरमा फेरि राजनीति !

काठमाडौं उपत्यकामा फोहोर व्यवस्थापन चुनौतीको विषय हो। यसैले पनि यहाँका जनप्रतिनिधि फोहोरलाई राजनीतिक विषय बनाइरहन्छन् । केही समयअघिमात्र काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन) फोहोरका कारण चर्चामा आएका थिए । प्रधानमन्त्री निवास बालुवाटार, सिंहदरबार क्षेत्रको फोहोर उठाउन बन्द गरेर आफ्नो माग तेर्स्याउँदा चर्चामा आएका बालेनलाई अहिले यही फोहोरको विषय गलपासो बनेको छ ।

तीन वर्षअघि चैतमा काठमाडौंको फोहोर उठ्न छाडेसी काठमाडौं महानगरलाई सम्झौता गर्न धौधौ परेको थियो । मेयरमा निर्वाचित हुनासाथ सिसडोल र बञ्चरेडाँडामा रहेको ल्याण्डफिल्ड साइडका स्थानीयले फोहोर व्यवस्थापनमा अवरोध गरेका थिए । गत वर्षको जेठमा मेयर बालेनलाई उक्त क्षेत्र पुगेर सम्झौता गर्न धौधौ परेको थियो । यसरी पटक–पटक रोकिँदै आएको काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन सोमबारबाट फेरि रोकिएको छ । अन्तिम फोहोर व्यवस्थापनस्थल आसपासका बासिन्दाको अवरोधका कारण उपत्यकाको फोहोर व्यवस्थापनमा अवरोध सिर्जना भएको हो ।

यसअघि काठमाडौं महानगरपालिकासँग भएको सहमति कार्यान्वयन नभएको भन्दै नुवाकोटको ककनी गाउँपालिका र धादिङको धुनीबेँसी नगरपालिकाका केही बासिन्दाले अवरोध गरेकाले उपत्यकाका १८ स्थानीय तहको फोहोर व्यवस्थापन हुन नसकेको हो । धुनीबेँसी नगरपालिका–१ का वडाध्यक्ष मानबहादुर तामाङले सहमति भएको एक वर्ष बितिसक्दासम्म महानगरले स्थानीयवासीको मागको बेवास्ता गरेको आरोप लगाए । सोमबार बिहान फोहोर बोकेर ल्याण्डफिल्ड साइटमा जाँदै गरेका ५० गाडी स्थानीयवासीको अवरोधका कारण बञ्चरेडाँडा र सिसडोलको बीचमै रोकियो । स्थानीयवासीले सहमतिका नाममा आफूहरूलाई झुक्याइएको आरोप लगाएका छन् । कामपाले यसअघि कुहिने र नकुहिने फोहोर वर्गीकरण गरेर कुहिने फोहोरमात्र व्यवस्थापन गर्नेलगायत सहमति ल्याण्डफिल्ड साइट पीडित क्षेत्रका बासिन्दासँग गरेको थियो ।

यता महानगरपालिकाले भने यसअघि स्थानीयवासीसँग भएको सम्झौताअनुसार नै काम भइरहेको दाबी गर्दै फोहोर व्यवस्थापनमा रोक लगाउनु राम्रो नभएको बताइरहेको छ । महानगरले स्थानीयवासीको मुख्य माग आसपासका तीन हजार रोपनी जग्गा अधिग्रहण गरिदिनुपर्‍यो भन्ने रहेको र त्यसका लागि केन्द्र सरकारसँग छलफल भइरहेको बताएको छ । ठूलो मात्रामा जग्गा अधिग्रहण महानगरले मात्रै गर्न नसकिने महानगरको भनाइ छ ।

विगतका वर्षमा पनि स्थानीयवासीकै अवरोधका कारण उपत्यकाको फोहोर महिनौं सडकमै थुप्रने गरेको थियो । कामपाले यसवर्ष फोहोर व्यवस्थापनमा कुनै समस्या हुँदैन भने पनि साउन महिना लागेसँगै फोहोर रोकिन थालेको छ । यसअघि सिसडोलमा व्यवस्थापन हुँदै आएको उपत्यकाको फोहोर गत भदौदेखि बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ । यसरी फोहोरजस्तो विषयमा खेलवाड गर्नु ठीक होइन । जनस्वास्थ्य जस्तो संवेदनशील विषयमा ख्याल गर्नुपर्छ । काठमाडौं महानगर र संघीय सरकारले ल्याण्डफिल्ड साइडका जनताको माग तत्काल सम्बोधन गरी फोहोर व्यवस्थापन नियमित गर्नुको विकल्प छैन । फोहोरमा फेरि राजनीति गरेर उपत्यकालाई दुर्गन्धित बनाउने काम नगरियोस् ।

## मननयोग्य

### चाणक्य नीत

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने ।

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन् । क्रमशः



# 'आर्थिक वृद्धिको लक्ष्य भेट्टाउन बजेटअनुकूलको मौद्रिक नीति आउनुपर्छ'

**राजेशकुमार अग्रवाल**
अध्यक्ष, नेपाल उद्योग परिसंघ

*मुलुकको अर्थतन्त्रमा अझै पनि सुधार हुन सकेको छैन । राजस्व संकलन कम हुँदा सरकारी खाता घाटामा गएको अवस्था छ । सरकारले भने अर्थतन्त्रको यो अवस्था सुधारका लागि बजेटले बाटो समातेको र मौद्रिक नीतिबाट त्यसलाई थप अगाडि बढाउने दाबी गर्दै आएको छ । गएको आर्थिक वर्षको मौद्रिक नीतिमा कर्जा वृद्धिदर घटाइएको, विभिन्न उपकरणमार्फत कर्जा प्रवाहलाई रोक्ने नीति लिइएको, आयात रोक्ने नीति लिइएकाले आर्थिक गतिविधि चलायमान हुन नसकेको र आर्थिक वृद्धिदर कम भएको निजी क्षेत्रको टिप्पणी छ । बैंकिङ प्रणालीमा पर्याप्त तरलता हुँदा पनि कर्जा प्रवाह हुन नसकेको अवस्था छ भने व्यावसायीहरु पनि कर्जा लिन इच्छुक देखिएका छैनन् । यसैबीच सरकारले अर्थतन्त्र सुधारको लक्ष्यसहित ल्याएको वार्षिक बजेट संसद्का दुवै सदनबाट पारित भई सोमबारदेखि कार्यान्वयनमा आएको छ । अब धेरैको पर्खाइ नेपाल राष्ट्र बैंकले ल्याउने मौद्रिक नीतिमा केन्द्रित देखिन्छ । मौद्रिक नीतिले लिने नीतिअनुसार अब कसरी अगाडि बढ्ने भन्नेमा व्यवसायीहरु छन् । नेपालको अर्थतन्त्र, बजेट, लगानीका सम्भावनाहरु र मौद्रिक नीतिसँग सम्बन्धित रहेर नेपाल उद्योग परिसंघका नवनिर्वाचित अध्यक्ष* ***राजेशकुमार अग्रवाल****सँग राष्ट्रिय समाचार समितिका लागि भीष्मराज ओझा र कमलकुमार बस्नेतले गरेको कुराकानीः*

**मुलुकको अर्थतन्त्रको वर्तमान अवस्थालाई तपाईं कसरी विश्लेषण गर्नुहुन्छ ?**

हाम्रो अर्थतन्त्र अझै पनि सहज अवस्थामा छैन । एक वर्षअघि रेमिटयान्स कम भएकाले विदेशी मुद्रा सञ्चितिमा चाप परेको थियो भने अहिले रेमिटयान्स बढेकाले पनि विदेशी मुद्रा सञ्चिति राम्रो अवस्थामा छ । समग्रमा हेर्दा बाहचरूपमा हामी सहज अवस्थामा भए पनि आन्तरिकरूपमा समस्या हटिसकेको छैन । एक वर्ष अगाडि आयातमा रोक लगाउँदाको असर यतिबेला राजस्व संकलनमा देखिएको छ । आयात कम भएपछि माग पनि घटयो । राजस्व कम हुँदा पुँजीगत खर्च गर्न सक्ने अवस्था छैन । संकलन भएको राजस्वले चालु खर्चमात्रै धान्न सक्ने अवस्था छ । अहिले पनि सरकारी खाता करिब एक खर्ब रूपैयाँले घाटामा छ । तत्कालीन समयमा मुद्रास्फीति कम गर्नका लागि नेपाल राष्ट्र बैंकले कडाइ गर्ने नीति लिएको थियो । कोरोनापछि दिएका सुविधा पनि फिर्ता लिइयो । केन्द्रीय बैंकले ब्याजदर बढाउने, रिफाइनान्सिङको सुविधा हटाउने खालको नीति लियो । घरजग्गाको कारोबारलगायतका धेरै क्षेत्रमा एकैपटक कडाइका नीति लिइयो । जसले गर्दा अर्थतन्त्रमा समस्या देखिएको हो । आजका दिनमा पनि बजारमा माग बढ्न सकेको छैन भने ब्याज पनि अझै घट्न नसकेको अवस्था छ । बाहच क्षेत्रमा सहज अवस्था भए आन्तरिकरूपमा सहज अवस्थामा अझै पनि पुग्न सकेका छैनौं ।

**बैंकिङ प्रणालीमा पर्याप्त तरलताको अवस्था छ । सिडी रेसियो (कर्जा निक्षेप अनुपात) ८२ प्रतिशतभन्दा तल झरिसकेको छ । अन्तरबैंक ब्याजदर एक प्रतिशतभन्दा पनि कम छ । कर्जाको वृद्धिदर चार प्रतिशत पनि पुग्न सकेको छैन । यस्तो अवस्थामा कर्जा प्रवाह किन नभएको हो ? के व्यवसायीले मौद्रिक नीति नै कुरेर बसेको हो ?**

कोरोना महामारीको समयमा बैंकिङ प्रणालीमा अधिक तरलता भएपछि नेपाल राष्ट्र बैंकले आव २०७८/७९ मा निजी क्षेत्रतर्फ जाने कर्जा बिस्तार १९ प्रतिशत हुने लक्ष्य लिएको थियो । तर, चालु आर्थिक वर्षको मौद्रिक नीतिमा राष्ट्र बैंकले नै १२.६ प्रतिशतको कर्जा बिस्तारको लक्ष्य लियो । यद्यपि अन्य उपकरणहरूबाट भने कर्जा प्रवाहलाई चारदेखि पाँच प्रतिशतमै रोक्ने नीति लिएको देखिन्छ । जसका कारणले हालसम्म चार प्रतिशत पनि कर्जाको वृद्धिदर भएको छैन । चालु आवको मौद्रिक नीतिमा घरजग्गामा लोन टु भ्यालु रेसियो कम गरियो, सेयर कर्जामा वेटेड रिस्क बढाइयो र चालु कर्जा मार्गदर्शनलगायतका नीतिले कर्जाको वृद्धिदर चार प्रतिशतकै हाराहारीमा सीमित होस् भन्ने नै चाहेको देखिन्छ । कर्जा बिस्तार अत्यन्तै कमजोर हुनुको नतिजा अहिले कूल गाहर्स्थ उत्पादनमा देखिएको छ । पछिल्लो तीन त्रैमासमा नकारात्मक भइसकेको छ । जसले गर्दा चालु आवमा दुई प्रतिशतको मात्रै वृद्धिदर हुने अपेक्षा गर्न सकिन्छ । गत वर्ष वार्षिक बजेटले लिएको लक्ष्यलाई सहयोग गर्ने गरी राष्ट्र बैंकको मौद्रिक नीति नआएकाले अहिले समस्या देखिएको हो ।

अर्को विषय तरलता अधिक हुनुको अर्थ बैंकहरू पनि कर्जा प्रवाहमा रुचि देखाएका छैनन् । निष्क्रिय कर्जा बढिरहेका बेलामा थप कर्जा बिस्तार गरेर निष्क्रिय कर्जा बढाउन नखोजेको देखिन्छ । साथै मौद्रिक नीतिमा काउन्टर साइकिलिकल बफर लागू गर्ने विषय, स्थानीय तहका खातामा रहेको रकम निक्षेपमा ६० प्रतिशतसम्म विषय हेर्न खोजिएको छ । साथै एनपिए बढ्दै जाँदा क्यापिटल एडचुकेसीका कारण पनि अहिले कर्जा प्रवाह हुन नसक्दा अधिक तरलताको अवस्था देखिएको हो । एनपिए बढ्दा प्रोभिजनिङ पनि बढाउनुपर्ने हुने भएकाले सबैले मौद्रिक नीति कुरेको हुनसक्छ । साथै व्यापारीले पनि माग नै नभएको अवस्थामा थप कर्जा लिएर काम गर्न नचाहेको अवस्था छ ।

**यहाँहरूले नै आगामी आर्थिक वर्षको पुँजीगत खर्च घटाइएको भन्दै टिप्पणी गर्नुभयो । यद्यपि बजेटमा परिसंघले दिएका धेरै सुझाव सम्बोधन गरेको पनि बताउनुभयो । सरकारले आगामी आवमा बजेटमार्फत छ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य लिएको छ । पुँजीगत खर्च नै हुन नसकेको अहिलेको अवस्थामा त्यो कत्तिको सम्भव देख्नुहुन्छ ?**

सरकारले बोलेका नीतिहरू पूर्णरूपमा लागू गर्ने हो भने सम्भव नहुने भन्ने छैन । तर, त्यसका लागि अन्य पक्ष महत्त्वपूर्ण हुन्छन् । त्यसका लागि सोहीअनुसारको लगानी आवश्यक पर्छ । कर्जाको वृद्धिदर न्यूनतम १२ देखि १५ प्रतिशतसम्म हुन जरुरी छ । चालु आवमा कर्जा वृद्धिदर चार प्रतिशत हुँदा आर्थिक वृद्धिदर दुई प्रतिशतको हाराहारीमा छ । यस हिसाबले पनि कम्तीमा १२ प्रतिशत वृद्धिदरको लक्ष्य आवश्यक छ । बजेटले छ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य र मुद्रास्फीति ६.५ प्रतिशतको सीमामा राख्ने भनिसकेको अवस्थामा सोहीअनुसार नेपाल राष्ट्र बैंकले मौद्रिक नीति ल्यायो भने आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न गाह्रो पर्दैन । हामीले मौद्रिक नीति 'पर्ख' र 'हेर'को अवस्थामा बसेकोले पनि हो । सरकारले बजेटमार्फत लिएका लक्ष्य प्राप्तिका लागि अनुकूल हुनेगरी मौद्रिक नीति ल्याउँछ वा ल्याउँदैन भन्ने विषय महत्त्वपूर्ण हो ।

**मौद्रिक नीतिमा यहाँहरूको अपेक्षा के छ ?**

पहिलो विषय मौद्रिक नीतिले कर्जावृद्धिदरको लक्ष्य कम्तीमा १२ प्रतिशतको लिनुपर्छ भन्ने हो । नेपाल राष्ट्र बैंकका अनुसार जेठ महिनामा मुद्रास्फीति सीमाभित्रै आइसकेको छ । भारतमा पनि मुद्रास्फीति छ प्रतिशतभन्दा कम भइसकेको छ । अब मुद्रास्फीति घट्दो क्रममा रहेकाले राष्ट्र बैंकले चालु आवमा लिएका नीति राख्नु पर्दैन बरु आगामी आवमा खुकुलो बनाउनुपर्छ भन्ने हाम्रो माग हो । घरजग्गा, सेयर बजारलाई नियन्त्रण गर्नुअघि पनि त्यसको फाइदा मूल्यांकन गर्नु जरुरी हुन्छ । कर्जा बिस्तार बढाउँदा अनुत्पादक क्षेत्रमा जान्छ कि भन्ने चिन्ता हो भने बैंकहरूलाई निर्देशन दिएर काम गर्न सकिन्छ । घरजग्गा कारोबारमा 'लोन टु भ्यालु' रेसियो घटाइएको र कित्ताकाट पनि रोकिएको अवस्था छ भने सेयर कर्जाको हकमा पनि वेटेड रिस्क एभरेज बढाइएको छ । अहिले सहकारीमा समस्या आउनुमा पनि एउटा कारण यो पनि हो । बजार चलायमान बनाउनका लागि पक्कै पनि घरजग्गा र सेयर बजारका लागि पनि केही हदसम्म खुकुलो नीति बनाउनुपर्छ ।

**चालु आवमा राजस्व संकलन कम भइरहेको छ, जसकारण पुजीगत खर्च हुन सकेको छैन । यस्तो अवस्थामा लगानीका लागि पुंजी कहाँबाट ल्याउने र लगानीका लागि के कस्ता क्षेत्र सम्भावना कस्ता छन् ?**

सरकारसँग पुँजीगत खर्च गर्नसक्ने पैसा छैन भने पब्लिक-प्राइभेट पार्टनरसिपमा जान सकिन्छ । निश्चित वर्षसम्म कम्पनीले सञ्चालन गर्न र त्यसपछि सरकारका नाममा आउँछ । यसले विकासको काम पनि हुने, रोजगारी सिर्जना पनि हुन्छ । अर्थतन्त्र चलायमान हुन्छ । एउटामात्रै आयोजना बनाउँदा त्यसले धेरै क्षेत्रमा फरक पार्छ । विकास गर्दा पनि पूर्वाधार निर्माण निकै महत्त्वपूर्ण हुन्छ । पूर्वाधार निर्माणले आन्तरिक उद्योग पनि चलायमान हुन्छन् । अहिले जलविद्युत्मा ठूलो लगानीको सम्भावना छ । केही आयोजनामा भारतीय लगानी आउनका लागि सम्झौता पनि भएको छ । सरकारले भारत सरकारसमक्ष आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् व्यापारका लागि सम्झौता पनि गरिसकेको छ । त्यसबाहेक विदेशी लगानी ल्याउनका लागि कुन क्षेत्रमा ल्याउने भन्नेमा अर्थ राख्छ ।

तर, त्यसका लागि नीतिगत स्थिरता आवश्यक हुन्छ । नीति नै स्थिर भएन भने विदेशी लगानी आउँदैन । त्यसबाहेक ऐन नियम पनि पारदर्शी हुन जरुरी छ । समयसापेक्ष संशोधन हुनु जरुरी छ । निजी क्षेत्र त्रसित भएको अवस्थामा निजी क्षेत्रको मनोबल बढाउनु आवश्यक छ ।

**परिसंघले सुरु गरेका मेक इन नेपाल अभियान, स्किल नेपाल अभियान, स्टार्टअप फेस्टलगायतलाई कसरी प्रभावकारीरूपमा अगाडि बढाउनुहुन्छ र समग्रमा तपाईंको योजना के कस्तो छ ?**

मेक इन नेपाल हाम्रो 'फ्ल्यागसिप' कार्यक्रम हो । यसलाई परिसंघले दीर्घकालसम्म सञ्चालन गर्ने गरी अघि बढाइएको हो । यसका लागि रिसर्च गरेर नौ वटा पिलर पहिचान गरी सुरुआत गरिएको हो । उद्योग स्थापनाको वातावरण कसरी बनाउने भन्ने हिसाबले पनि काम भइरहेको छ । आयात प्रतिस्थापनको लक्ष्यसँगै निर्यात प्रवर्द्धन गरौं र गुणस्तरीय उत्पादन गरौं भन्ने हिसाबले योजनाका साथ अगाडि बढाएका छौं । पछिल्लो तीन वर्षमा राम्रो काम भइरहेको छ । सरकारले पनि यस अभियानको अपनत्व ग्रहण गरिसकेको छ भने उद्योग मन्त्रालयसँग पनि कार्यान्वयनका लागि समन्वय भइरहेको छ । हाम्रा धेरै कानुनहरू ३० देखि ५० वर्षसम्म पुराना छन् । तत्कालीन समयमा नियन्त्रण गर्ने हिसाबले कानुनहरू निर्माण भएका थिए भने अब कानुनमै नियन्त्रणको साटो प्रोत्साहन गर्ने भन्ने राखौं भनिएको छ । यदि यसो गर्न सकियो भने यी कुनै पनि कार्यक्रम तथा अभियान कार्यान्वयनमा कुनै समस्या हुँदैन ।

**मन्दीमा रहेको अर्थतन्त्र उकास्नका लागि यहाँहरूले सरकारसमक्ष "रिबुटिङ नेप्लिज इकोनोमी" अवधारणा पेस गर्नुभयो । यसबाट के अपेक्षा गर्नुभएको छ ?**

हामीले अघि सारेको रिबुटिङ नेप्लिज इकोनोमीमा भएको धेरै विषय नीतिसँग सम्बन्धित छन् । जस्तै विद्युत् उत्पादन, वितरण र नियमनका लागि नेपाल विद्युत् प्राधिकरणलाई टुक्र्याउनुपर्छ भन्ने हाम्रो माग हो । नियमन गर्ने, विद्युत् उत्पादन गर्ने र व्यापार गर्ने छुट्टाछुट्टै निकाय चाहिन्छ । यो धेरै पहिलेदेखि कुरा उठे पनि केही काम पनि भएको जस्तो लाग्छ । अहिले जलविद्युत् आयोजनाहरू पिपिए नभएको भन्दै बसेका छन् । अब बिटुबीमा पनि जान सकिन्छ । मेरो उद्योगमा विद्युत् आवश्यक भए सोझै पनि खरिद गर्न पाउनुपर्छ भन्ने हाम्रो माग हो ।

त्यसबाहेक नेपालमा आइटीको पनि ठूलो सम्भावना छ । यसमा पनि आउटसोर्सिङ गर्नका लागि काम गर्न सकिन्छ । अर्को पर्यटनको क्षेत्रमा पनि काम गर्न सकिन्छ । निजी क्षेत्रबाट पर्यटन क्षेत्रमा काम भइरहेको छ । अर्को कृषिलाई निर्वाहमुखीबाट निर्यात गर्न सक्ने गरी पनि काम गर्न सकिन्छ । उत्पादनमूलक उद्योगमा लगानी बढाउँदै निर्यात गर्ने गरी काम गर्नुपर्छ भन्ने लाग्छ ।




# लुटमै छ छुट !

हर्कमान आजकल बिहानदेखि नै माइतीघर धाउन थालेका छन् । उनी पहिले अदालततिर धाउँथे । अदालत धाउँदा-धाउँदा थाकेका हर्कमान खै किन हो थर्कमान पो भएका छन् । एसो अलि खाइलाग्दो मान्छे देख्यो कि आँखा रातारात पार्छन् र त्यही मुड्की बजार्न पाए हुन्थ्यो जस्तो गर्छन् । उनको त्यो पारा देखेर छिमेकीहरू पनि तीन छक्क नै परेका छन् !

हर्कमानमात्र कहाँ हो र उनकै सँधियार भैरव काका त सानोतिनो खुकुरी नै पो बोकेर हिँडेका छन् त ? जहाँ पायो त्यही छप्काउँछु भन्छन् अरु त कुरै गर्न मान्दैनन् । पल्टने स्वभाव, 'रिऽटायर्ड लाइफ'मा पो देखाउन थाल्या छन् । विचरा भैरव काका जिन्दगीभरि पल्टने बनेर बगाएको रगत पसिनाको कमाइ क्वाप्लाक्कै खाइदिएपछि खुकुरी नबोकेर फूल अक्षता बोकेर हिडुन् त ?

हुन् त उही बेलादेखि नै चलेको छ क्या एउटा उखान ! ठूलो चैन, सानालाई ऐन । ठूलोले जति नै अपराध गरे पनि छुट हुन्छ तर सानाले सानो गल्ती गरे पनि कडा नै खेप्नु पर्छ नि ! अहिले हर्कमानहरू थर्कमान भएका छन् । भैरव काकाहरू डाँकाहरूको फन्दा परेका छन् । केही समय अगाडि काठमाडौं सहराँ एउटा चर्चा हुन्थ्यो- घरघरमा सहकारी कोठाकोठामा बेरोजगारी । अहिले भएकै त्यही छ । सबै बेरोजगारजस्तै भएका छन् त्यसैले त माइतीघर धाउन थाल्या छन् । थोपाथोपा लगाई, सहकारीका आका आई, उत्पादन बढाइ, राम्रो हुन्छ कमाइ भन्दै सरकाराँ बस्नेहरूले नै नारा बनाकाले हर्कमान भैरव काकाहरू अहिले माइतीघर धाउन थालेका हुन् ।

सोझा हर्कमानहरूलाई बर्खाको भेलले काठमाडौंको घर डुबाएजसरी जिन्दगीको कमाइ नै डुबाउने सहकारीले तरकारी खाएजसरी भएभरको खाइदिएपछि क्यार्नु त ? न त गाउँमा बस्न सकियो न त आफ्नो पैसो फिर्ता आउने देखियो । ब्याजमाथि स्याज, स्याजमाथि ब्याज गरेर क्वाप्लाक्कै खाइदिएपछि मर्नु न बाँच्नु भयो भन्दै माइतीघर घेर्न आइपुगेका हुन् नि बूढा भैरव काका पनि ।

सहकारीले पनि लुट्दियो, साहुले पनि लुटदियो । यता गए पनि लुट्ने उता गए पनि लुट्ने । पालैपालो लुटेको छ लुटेकै छ । हुन त अहिले लुटकै राज्य चल्या छ । पालैपालो लुट्ने त हो ! जसले सक्छ त्यसैले लुट्छ । लुट्न सक्ने छुट्न सक्छ । मिटरब्याजी पनि लुटिएका हुन्, सहकारीले पनि लुटिएका हुन् । देशको सिमाना पनि लुटिएकै छ । सत्तामा तीन जनाले मिलेर पालैपालो लुटेकै छ । कहिले उसको पालो, कहिले उसको पालो । लुट्न पाइएको छ नि ।

लुट्नेहरू महलमा सरर, लुटिनेहरू माइतीघरमा आँशु चुहाउँदै बरर, हाम्रै नेपालमा । भैरव काका पनि लुटिएकै हुन्, हर्कमान पनि लुटिएकै हुन् । को कसरी किन लुटियो भन्ने त होला ? बूढाहरू सानो लोभमा पर्दा भसक्कै परे त । माइतीघरमा अहिले कोकोहोलो मच्चाएर के होला र ? लुट्ने सिंहदरबारभित्र छ । लुटिने गेटमा धर्ना दिइरहेका छन् । अनि कसरी हुन्छ होला ?

यसो हेर्‍यो कहिले शेरबहादुर, कहिले ओली कहिले दाहाल पालैपालो देश लुटेको त हो नै । देश चलाउनेले देश लुटिरहन मिल्छ भने फकाएर, भजाएर, लुटेकालाई केको तनाव ? कसैले ब्याज बढी दिएर, कसैले ब्याज बढी लिएर । लुट्न त लुटेकै त हो ? अब शासकले नै लुट्न सिकाएपछि नलुटि भो त ?

पहिलेपहिले लुटिनेहरूको जमाना थियो । सहयोग पनि लुटिनेलाई हुन्थ्यो । अहिले जमाना फेरिएको छ । अब त लुट्नेको भाग्यरेखा बलियो बनेको छ । लुट्नेहरूलाई नै शक्तिशाली साथ मिल्छ ! त्यही भएर स्याल हुँइयाल भन्छ नि खै त्यो केरे के रे नाम ? ब्याज हानेको हान्यै छ । त्यसलाई छप्काउनुपर्छ नि । खुलमखुला छप्काउँछु भन्नेलाई तालीले स्वागत गर्ने देशाँ नलुटेर सुख पाइन्छ त ?

त्यही भएर हर्कमान र भैरव काकाका भाग्यरेखा बलियो छैन पो भन्छन् । भाग्य बलियो हुने भइदिएको भए बर्खाको भेलमा माइतीघरको मेलामा कहाँ भेट हुन्थ्यो र ! माइतीघर र सिंहदरबारको दूरी कति छ र ? सिंहदरबार र बानेश्वरको सेतो दरबारको सम्बन्धलाई जलप लगाउने को छैन र ? सिंहदरबारमा लुट्नेहरूले कलम धक्याउँछन् । सेतो दरबारमा लुट्नेहरूका लागि मुख बर्साउँछन् ।

आखिर पड्काउनेकै चर्चा हुने त हो नि ? कतै भोट पड्काउने, कतै नोट पड्काउने, कतै कमिसन पड्काउने, कतै घूस, जुस जे पनि पड्काउने । कार्यापालिकादेखि न्यायपालिकासम्मले मिठो मान्ने । लुट्नेलाई नै छुट नै छुट । यति राम्रो व्यापार छ कि लुट भन्ने त्यसको हिसाबकिताब नै हुँदैन । सायद त्यस्तो हिसाबकिताब त महालेखाले पनि देख्दैन । महाको लेखाले त देख्दैन भने अरुले देख्ने त कुरै हुँदैन । पसलमा लुट, स्कुलमा लुट, कलेजमा लुट, बसमा लुट, बाटोमा लुट, कार्यालयमा लुट । सहकारीमा लुट, बैंकमा लुट, ब्याजमा लुट, अस्पतालमा लुट । खाद्यान्नमा लुट । यस्तै लुट्दैलुट्दै पशुपतिमा मन्दिरमा लुट चन्दामा लुट । दान दक्षिणमा लुट, धर्मकर्ममा लुट । लुटै लुटलाई छुट हुने भएकैले होला मरेपछि आर्यघाटमा पुगेर जलिरहँदा पनि अर्कोले गर्छ फेरि महालुट ।

जताजतै लुट नै लुट भए पनि लुटलाई छुट दिँदै लुटको खेती गरौं । लुटलाई नै व्यापार बनाऔं । लुटलाई नै व्यवसाय गरौं । लुट्न नजान्नेलाई सात डाँडा कटाउँ । जय लुट !

**द्रष्टव्य :** यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



भेडाको उनबाट धागो बनाउँदै | गोरखाको बारपाक सुलिकोट गाउँपालिका-१ बारपाकका महिलाहरू भेडाको उनबाट हातैले धागो बनाउँदै । बारपाकमा अधिकांश स्थानीयले भेडा पालन गर्छन् ।

तस्बिरः दीपक श्रेष्ठ/रासस

# मकवानपुरका तीन स्थानीय तहमा सुर्तीजन्य पदार्थ निषेध

**मनहरि–** मकवनपुरका तीन स्थानीय तहले सोमबारदेखि मादकपदार्थ तथा सुर्तीजन्य पदार्थमा प्रतिबन्ध लगाएका छन् । मनहरि गाउँपालिका, हेटौंडा उपमहानगरपालिका र बकैया गाँउपालिकाले सोमबारदेखि यस्ता पदार्थ निषेध गरेका हुन् ।

मनहरि गाँउपालिकाले यस्ता पदार्थको बेचबिखन र प्रयोगमै प्रतिबन्ध लगाउने कार्य सुरु गरेको गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले बताए । पालिकाले नीति तथा कार्यक्रममै यस क्षेत्रमा सुर्तीजन्य पदार्थ बिक्री वितरणमा रोक लगाउने घोषणा गरेको थियो । मानवीय स्वास्थ्यलाई हानि पुऱ्याउने भएकाले सुर्तीजन्य पदार्थमा प्रतिबन्ध लगाउने विषयलाई नीति तथा कार्यक्रममा समावेश गरिएको उनले जानकारी दिए ।

हेटौंडा उपमहानगरपालिकाले पनि सोमबारदेखि सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थको प्रयोगलाई नियन्त्रण तथा नियमन सुरु गरेको छ । उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले सुर्तीजन्य पदार्थ नियन्त्रण एवं नियमन ऐनबमोजिम उपमहानगरपालिकाले २०७७ मा बनाएको निर्देशिकाको आधारमा यस्ता पदार्थको प्रयोगलाई नियन्त्रण तथा नियमन गर्न सुरु गरेको जानकारी दिए । 'सार्वजनिकस्थलहरू जस्तैः विद्यालय, सरकारी कार्यालय, अस्पतालजस्ता क्षेत्रको १०० मिटर क्षेत्रभित्र सुर्तीजन्य पदार्थको बेचबिखन र प्रयोगमा पूर्णरूपमा प्रतिबन्ध लगाइएको छ । निर्देशन नमान्ने जोकोहीलाई २५ हजारदेखि ५० हजार रूपैयाँसम्म जरिवाना गरिनेछ,' उनले भने । होटल तथा रेस्टुरेन्टहरूमासमेत छुट्टै 'स्मोकिङ जोन'को व्यवस्था गर्न पत्राचार गरिएको प्रवक्ता न्यौपानेले बताए ।

मनहरि र हेटौंडाजस्तै बकैया गाउँपालिकाले पनि सूचना जारी गर्दै आफ्नो पालिकालाई लागुऔषधमुक्त गाउँपालिकाका रूपमा स्थापित गर्न लागुऔषधसहित सुर्ती र मदिरा सेवनमा निषेध गरेको जनाएको छ ।

गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले लागुपदार्थमुक्त गाउँपालिकाका रूपमा स्थापित गर्न गाउँ कार्यपालिकाको बैठकले निर्णय गरेर सूचना जारी गरेको बताए । 'हामीले पालिकामा मदिराजन्य पदार्थ जाँड, रक्सी, छ्याङ, तोङबा, निगार र सुर्तीजन्य पदार्थको प्रयोगलाई निषेध गर्ने तयारी गरेका छौं,' उनले भने । *रासस*

# एक वर्षमा एक अर्ब २६ करोडको चोरीका सामान बरामद

■ प्रभाव संवाददाता

**काठमाडौं–** सशस्त्र प्रहरी बल नेपालले गएको एक वर्षमा एक अर्ब २६ करोड ४४ लाख २४ हजार रूपैयाँ बराबरको चोरी पैठारीका सामान बरामद गरी भन्सार कार्यालयमा दाखिला गरेको छ । गत आव २०७९/८० मा छन्सार छलीका ती सामान बरामद गरिएको हो ।

**कुन महिनामा कति ?**

| | | |
|---|---|---|
| साउन | : | ९ करोड ७९ लाख |
| भदौ | : | ११ करोड २५ लाख |
| असोज | : | ८ करोड ७४ लाख |
| कात्तिक | : | ६ करोड ९१ लाख |
| मंसिर | : | ८ करोड ४८ लाख |
| पुस | : | १७ करोड ५८ लाख |
| माघ | : | ८ करोड १९ लाख |
| फागुन | : | ८ करोड ७९ लाख |
| चैत | : | ११ करोड १८ लाख |
| वैशाख | : | १३ करोड ८१ लाख |
| जेठ | : | ११ करोड ४३ लाख |
| असार | : | १० करोड २३ लाख |



आर्थिक वर्ष २०७८/७९ को तुलनामा गत आवमा करिब २७ प्रतिशत बढीको भन्सार छलीका सामान बरामद गरिएको सशस्त्र प्रहरीले जानकारी दिएको छ । उक्त अवधिभर सशस्त्र प्रहरी बल नेपालका विभिन्न युनिटले साउनमा नौ करोड ७९ लाख रूपैयाँ, भदौमा ११ करोड २५ लाख रूपैयाँ, असोजमा आठ करोड ७४ लाख ९४ हजार, कात्तिकमा छ करोड ९१ लाख ५८ हजार रूपैयाँ बराबरको मालसामान बरामद गरेको सशस्त्र प्रहरीका प्रवक्ता सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र खड्काले जानकारी दिए ।

उनका अनुसार मंसिरमा आठ करोड ४८ लाख ५१ हजार रूपैयाँ, पुसमा १७ करोड ५८ लाख ५० हजार, माघमा आठ करोड १९ लाख ९६ हजार, फागुनमा आठ करोड ७९ लाख ६० हजार रूपैयाँको मालसामान बरामद भएको छ ।

त्यस्तै, चैतमा ११ करोड १८ लाख ३० हजार रूपैयाँ, वैशाखमा १३ करोड ८१ लाख ८९, जेठमा ११ करोड ४३ लाख ६४ हजार र असारमा १० करोड २३ लाख १२ हजार रूपैयाँ बराबरको सामान बरामद गरी भन्सार कार्यालयमा बुझाएको प्रवक्ता खड्काले बताए ।

आर्थिक वर्ष २०७९/८० मा सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालयले उल्लिखित मूल्य बराबरको अवैध चोरी, निकासी बरामद, वन पैदावार, सुनचाँदी र अवैध रूपैयाँ बरामद गरी भन्सार दाखिला गरेको उनको भनाइ थियो ।

सो अवधिमा नम्बर १ बराह बाहिनी मुख्यालय सुनसरीले २८ करोड ७३ लाख ४५ हजार रूपैयाँ, नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीले ६५ करोड, ७० लाख २६ हजार, नम्बर ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरले एक करोड ९० लाख ९९ हजार र नम्बर ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीले दुई लाख ८१ हजार रूपैयाँ बराबरको मालसामान भन्सारमा दाखिला गरेको हो ।

त्यस्तै नम्बर ५ विन्ध्यवासिनी बाहिनी मुख्यालय रूपन्देहीले २२ करोड १६ लाख १५ हजार रूपैयाँ, नम्बर ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलालीले सात करोड ८३ लाख ४५ हजार रूपैयाँ भन्सार दाखिला गरेकोसमेत वरिष्ठ उपरीक्षक खड्काले जानकारी दिए ।

# रसुवागढी नाकाबाट २९ अर्बको मालवस्तु आयात

**रसुवा–** नेपालको उत्तरी नाका रसुवागढी हुँदै मालसामग्री आयात एवं निर्यात हुने क्रम बढ्न थालेको छ । गत वर्षको फागुनसम्म प्रायः शून्य रहेको निर्यात चैत १८ यता क्रमिक रूपमा बढ्न गई रु एक अर्ब ४३ करोड दुई लाख बराबरको नेपाली मालवस्तु चीनतर्फ निर्यात भएको छ ।

चीनतर्फ निर्यात भएका मालवस्तुमा चाउचाउ, धातु, तामा तथा आल्मोनियमका भाडा, ऊनी गलैंचा, कार्पेट, नक्कली गहना, फलामे भाडा, डस्ना, नक्कली कपाल, अगरबत्तीलगायत रहेको रसुवा भन्सार कार्यालय टिमुरेले जनाएको छ ।

तयारी कपडा, जुत्ता, चप्पल, सवारी साधन, मोबाइल, टेलिफोन, हाते झोला, सुति कपडा, मेशिनरी पार्टस, बिजुलीका तार सयौं प्रकारका सामग्री चीनबाट आयात भएको छ । सो अवधिमा रू २ ९ अर्ब ९० करोड ४५ लाख बराबरको सामग्री नेपाल आयात भएको रसुवा भन्सार कार्यालय टिमुरेका प्रमुख भन्सार अधिकृत रामप्रसाद पाठकले जानकारी दिए ।

यस नाकाबाट दश लाख केजी दाँतेओखर आयात भएको छ । अन्य आयात सामग्रीमा अप्टिकल फाइबर केबुल, मोटर्स पार्टस्, चश्मा, बिजुलीका तार, मेशिनरी पार्टस्का साथै स्याउ, लसुन रहेका छन् । प्रमुख भन्सार अधिकृत पाठकका अनुसार नियमानुसारको मूल्यांकनबाट भन्सार शुल्कबापत आठ अर्ब २४ करोड ८३ लाख रूपैयाँ राजस्व असुली भएको छ ।

सवारीसाधनतर्फ चीनमा निर्मित साना ठूला गरी कूल एक हजार दुई सय ८९ थान सवारी साधन रसुवागढी नाकाबाट नेपाल भित्रिएको छ । नेपालमा सञ्चालित जलविद्युत् आयोजनाको अधिकांश उपकरण रसुवागढीबाट आयात हुने गरेको सूचना प्रविधि अधिकृत निर्मल कँडेलले बताए ।

व्यापारीले चीनबाट आयात गरेका केही सवारीसाधन भने भन्सार हातामै रहेको र भन्सार प्रक्रिया पुऱ्याइ छुटाउने कार्य भने क्रमिक रूपमा अगाडि बढिरहेको जनाइएको छ । कोरोना संक्रमणपश्चात् गत चैत १८ गतेदेखि अर्थात् अप्रिल महिनाको १ तारेखदेखि नेपाली कन्टेनर सीधै केरूङ जान पाएपछि रसुवागढी नाकाबाट दुई हजारभन्दा बढी मालवाहक नेपाली ट्रक कन्टेनरले सामान बोकी केरूङ-काठमाडौं ओहरदोहर गरिसकेका छन् ।

नेपाली व्यापारीले आयात गरेका सवारीसाधनको मात्र मूल्यांकन गर्ने हो भने तीन अर्ब ८९ करोड ४२ लाख बराबरको हुन आउँछ । *रासस*

# स्थानीय क्षेत्रमा विद्यार्थी टिकाउन मुस्किल

**भजनी–** कैलालीको टीकापुर शैक्षिक नगरीको रूपमा परिचित छ । शैक्षिक क्षेत्रमा टीकापुरको नाम स्थापित गर्ने पहिलो विद्यालय हो, वीरेन्द्र विद्या मन्दिर माध्यमिक विद्यालय । वि.सं. २०२६ मा टीकापुर आवासीय माध्यमिक विद्यालयको नामबाट स्थापना भएको सो विद्यालय २०४३ सालमा वीरेन्द्र विद्या मन्दिर माध्यमिक विद्यालयको नाममा परिवर्नन गरिएको थियो । टीकापुरमा प्रवीणता प्रमाणपत्र तहमा विज्ञान विषयको अध्यापन गराउने पहिलो विद्यालय पनि हो ।

शैक्षिक क्षेत्रको विकाससँगै यतिबेला शैक्षिक क्षेत्र निकै प्रतिस्पर्धी बनेको छ । टीकापुरमा विज्ञान विषयको अध्यापन चार विद्यालयमा हुन्छ । स्नातक तहमा अध्यापन हुने विषय आफूअनुकूल नहुँदा विद्यार्थी बाहिर पलायन हुने गरेको गणेश खत्री बताउँछन् । 'मैले प्रवीणता प्रमाणपत्र तहसम्म विज्ञान विषय लिएर अध्ययन गरेँ । त्योभन्दा माथिल्लो कक्षामा विज्ञान अध्यापन टीकापुरमा हुँदैन । मेरो पारिवारिक स्थितिले बाहिर गएर अध्ययन गर्ने स्थिति थिएन,' उनी भन्छन्, 'अन्तिममा गणित विषयको अध्ययन गर्नुपऱ्यो । अहिले त्यहीँ गणित विषयको अध्यापन हुन छाडचो भन्ने सुनिन्छ ।'

विज्ञान विषयको उच्च शिक्षाका लागि टीकापुरमै पढेका विद्यार्थी पनि अध्ययनका लागि बाहिर जानुपर्ने बाध्यता छ । 'हामीले विद्यार्थीलाई रोक्न सकेका छैनौं । हामीले उत्पादन गरेका विद्यार्थी काठमाडौं केन्द्रित हुन्छन् । हामीले पाउने विद्यार्थी भनेको आर्थिक अवस्था कमजोर भएर बाहिर जान नसक्ने, पहाडबाट आएकालाई हो,' वीरेन्द्र विद्या मन्दिर माविका प्राचार्य फणेन्द्रराज रेग्मी भन्छन्, 'माथिल्लो कक्षासम्मको अध्यापन गर्ने शैक्षिक संस्था पनि हामीसँग छैन । त्यो भन्दा पहिले नै बाहिर गएर पढ्दा राम्रो हुन्छ भन्ने सोच अभिभावक र विद्यार्थीको छ ।'

कर्णाली माध्यमिक विद्यालय टीकापुरका प्रधानाध्यापक धर्मराज शर्मा माध्यामिक शिक्षा परीक्षा (एसइई)पछि विद्यार्थीलाई रोक्न निकै गाह्रो भएको बताउँछन् । 'प्राविधिक विषयमा अध्ययन गर्ने सोच भएका विद्यार्थी अहिले रोकिन थालेका छन् । अन्य विषयको अध्ययन गर्ने विद्यार्थीलाई रोक्न सकिएको छैन,' उनी भन्छन्, 'अहिले विद्यार्थीमा विदेश जाने लहर चलेको छ । त्यो लहरले पनि विद्यार्थीलाई टीकापुरमै रोक्न सक्ने स्थिति छैन ।' उनले अभिभावकसँग समन्वय र छलफल चलाउन आवश्यक रहेको जनाउँदै स्थानीय सरकारले त्यसको जिम्मेवारी लिएर बालबालिकालाई स्थानीय क्षेत्रमै अध्ययनका लागि वातावरण बनाउनका लागि पहल गर्नुपर्ने बताए ।

आरएमई स्कुलका प्राचार्य तेजराज खनालले उच्च शिक्षाका लागि टीकापुरमा पर्याप्त वातावरण भइनसकेको भन्दै पछि बाहिर जानैपर्ने स्थितिमा पहिले नै विद्यार्थी पलायन हुने गरेको बताउँछन् । उनको शिक्षा क्षेत्रमा प्रतिस्पर्धाको क्रम चलेको जनाउँदै अभिभावकलाई विश्वास दिलाउन सक्ने कार्यक्रम सञ्चालन गर्न सके विद्यार्थीलाई टीकापुरमै रोक्न सकिने भनाइ छ । 'परीक्षामा नतिजाको कुरा गर्दा राम्रै आएको छ । शैक्षिक गुणस्तरमा विद्यालय जिम्मेवार छन् । त्यति हुँदा पनि राम्रो विद्यार्थीलाई हामीले रोक्न सकेका छैनौं,' उनी भन्छन्, 'अझै निजी तथा संस्थागत विद्यालयमा अध्ययन गरेको विद्यार्थीको सपना नै उच्च शिक्षाका लागि विदेश जाने हुन्छ ।'

विद्यार्थीको आकर्षण प्राविधिक शिक्षामा बढी छ । त्यो सँगै माथिल्लो तहसम्मको अध्यापनको भविष्य हेरेर विद्यार्थीले आफ्नो अध्ययनलाई अगाडि बढाउन थालेका छन् । 'हाम्रो पालामा लहैलहैमा लागेर विषय रोज्ने गरिन्थ्यो, मैले विषय रोज्दा पनि साथीको लहैलहैमामा लागेर रोजे,' स्थानीय ईश्वर डंगौराले भन्छन्, 'अहिले त्यो पढाइले काम गरेन । न भविष्य बन्यो न राम्रो जागिर नै । तर, अहिले त्यो छैन । सम्भावना जहाँ छ त्यहाँ विद्यार्थी केन्द्रित भएको देख्न सकिन्छ ।'

टीकापुरमा अहिले चार कृषि प्राविधिक पढाइ हुने क्याम्पस छन् । दुई क्याम्पसले आइएसी तहको अध्यापन गराउँछन् भने दुई क्याम्पसले बिएससी तहको अध्यापन गराउँदै आएका छन् । त्यो विषयमा विद्यार्थीको संख्या बढ्दै गएको छ । अन्य विषयमा विद्यालयलाई विद्यार्थी पाउनै मुस्किलजस्तो छ । कुनै बेला टीकापुर बहुमुखी क्याम्पसमा विद्यार्थीको चापलाई त्यहाँको जनशक्तिले थेग्न मुस्किल हुन्थ्यो । अहिले क्याम्पसलाई विद्यार्थी पाउनै मुस्किल हुन थालेको छ । क्याम्पसको साख कृषि विज्ञान संकायले जोगाएको स्थानीय अगुवा बताउँछन् ।

'हामीले विद्यार्थीको आवश्यकतानुसारका विषय हाम्रा शैक्षिक संस्थामा थप्न नसक्नु पनि एक समस्या हो । अर्को समस्या भनेको विद्यार्थी र अभिभावकलाई लाभ हुने खालका हाम्रा कार्यक्रम छैनन्,' नागरिक अगुवा भीमराम चपाईं भन्छन्, 'विद्यार्थी र अभिभावकको आवश्यकतालाई बुझ्न जरुरी छ । शैक्षिक संस्थामा पनि त्यहींअनुसारको फेरबदल गर्नुपर्छ र विद्यार्थीलाई रोक्ने वातावरणमा स्थानीय सरकार पनि जिम्मेवार बन्नुपर्छ ।'

टीकापुर प्राविधिक शिक्षालयका प्रमुख पारस खड्काले प्राविधिक क्षेत्रमा विद्यार्थीको संख्या बर्सेनि बढ्दै गएको बताए । कक्षासँग भन्दा सीपसँग बढी महत्त्व राख्ने भएकाले पनि प्राविधिक शिक्षामा आकर्षण बढेको उनको भनाइ छ । 'अबको शिक्षा सीपसँग जोडिएको हुनुपर्छ । हिजोका दिनमा साथीको लहैलहैमा लागेर विषय रोज्ने चलन थियो, त्यो साँचो हो, त्यसले परिणाम राम्रो ल्याउन सक्दैनथ्यो,' उनी भन्छन्, 'अहिले कसैको लहैलहैमा नभई छिटो रोजगार हुने शिक्षामा सबैको ध्यान छ । सम्भावनाअनुसार विषयको माग भइरहेको छ ।' *रासस*

# प्रभाव दैनिक


रूपशाला

## 'आउ तिमी अँगालोमा' सार्वजनिक

अमेरिका निवासी गीतकार डा. चन्द्र गिरीको प्रेमिल शब्दमा रहेको 'आउ तिमी अँगालोमा' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ। अर्जुन पोखरेलको संगीत तथा संगीत संयोजन रहेको यस गीतमा गायक सुरेश लामा र गायिका रचना रिमालको सुमधुर स्वर सुन्न सकिन्छ। गम्भीर विष्टको कोरियोग्राफी एवं निर्देशनमा रहेको भिडियोमा स्वयम् निर्देशक विष्ट र अनिषा ओलीको मुख्य अभिनय रहेको छ। भिडियोमा गीतकार डा. चन्द्र गिरी, तेजश्वी गिरी, विनिता राई र साजन पाख्रिनलाई पनि अतिथि कलाकारको रूपमा देख्न सकिन्छ। भिडियोमा दिनेश पराजुलीको छायाँकन र नवीन निरौलाको सम्पादन रहेको छ।




मंगलबार, २ साउन २०८० (Tuesday, July 18, 2023)


# 'एफएलएफ अवार्ड' वितरण

■ प्रभाव संवाददाता



**काठमाडौँ–** भाषा, संस्कृतिमा बनेका फिल्म, म्युजिक भिडियो र पालामको संयुक्त अवार्ड 'एफएलएफ अवार्ड २०८०' बाँडिएको छ। फाल्गुनन्द लिङ्देन फिल्मस्ले राष्ट्रिय नाचघरमा एक कार्यक्रमसहित बाँडेको अवार्डमा अभिनेत्री लक्ष्मी योङहाङ, अभिनेता टिकाराम लिम्बु, गायिका मेचु धिमाल, गायक सुसन साम्सोहाङ, संगीतकार मान तबेबुङ र निर्देशक टिकाराम लिम्बु माखिमले अवार्ड प्राप्त गरे।

त्यस्तै पालाम भिडियोबाट मोडल पुष्पाञ्जली लिम्बु, विमला खजुम, रुद्र पाहिम, शेलेन्द्र नाल्बो, गायक शम्भु फोम्बो, जिवन केदेम, डि आर हाङसरुम्बा, गायिका रुक्साना लिम्बु, निरन्त नेम्बाङ, शब्द तथा लय संकलनमा शैलेन्द्र नाल्बो र विपन तावाले अवार्ड पाए।

पालाम विधाबाट हाङ चेम्जङ र म्युजिक भिडियोबाट सागर केरुङले उत्कृट निर्देशनको अवार्ड जिते। छायांकन सम्पादनको अवार्ड बि बि लिम्बुले प्राप्त गरे भने सर्वोत्कृष्ट फिल्म र भिडियोमा क्रमशः 'रित' र 'इच्छिङमा'ले अवार्ड प्राप्त गरे। यस वर्षको एफएलएफ अवार्ड लाइफ टाइम अचिभमेन्ट गीतकार तथा संगीतकार रिता फोम्बो ठूलीलाई दिइएको थियो। त्यस्तै कला निर्देशक र कलाकार विश्व मुखिया र कलाकार इन्द्र शेर्पालाई सम्मान गरिएको थियो।

अवार्डमा फिल्म निर्देशक उदय सुब्बा, लिम्बु भाषाविद याशेली योङहाङ र गायक तथा संगितकार कुल्बा सुब्बा जुरी थिए। आशा नेम्बाङको अध्यक्षतामा भएको कार्यक्रममा उप-सभामुख इन्दिरा राना मगर, प्रतिनिधिसभा सदस्य गणेश पराजुली, निर्देशक तुलसी घिमिरे, लक्ष्मीनाथ शर्मा, चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, कलाकार सुनिल थापा, प्रहरी नायव महानिरीक्षक चन्द्रकुवेर खापुङ, पूर्व मेजर जनरल होमकुमार लावती र सञ्चारकर्मी दिनेश डिसीलगायतको उपस्थिति थियो।

# 'जय हो'को गीत सार्वजनिक


■ प्रभाव संवाददाता

**काठमाडौं –** शोभित बस्नेतको प्रस्तुतिमा निर्माण भएको फिल्म 'जय हो' पहिलो गीत सार्वजनिक गरिएको छ। सोमबार राजधानीमा आयोजित एक कार्यक्रमका बीच सार्वजनिक 'जोमसोमको डाँडैमा हिउँ खेल्न जाने की' बोलको गीतमा शम्भुजित बासकोटाको शब्द तथा संगीत र सुरेश लामा र अस्मिता अधिकारीको स्वर छ। कविराज गहतराजको कोरियोग्राफी रहेको भिडियोमा फिल्मका मुख्य कलाकार अर्पण थापा, सलोन बस्नेत, केकी अधिकारी, निशा अधिकारी र माओत्से गुरुङ फिचर्ड छन्।

टेक पौरखी राईको निर्देशन निर्माण भएको फिल्ममा अर्पण, सलोन, केकी, निशा र माओत्सेको अलवा प्रेम पाण्डे, दिपा शाक्य श्रेष्ठ, सुबि मगर, सुमिन गुरुङ, सुशान्त श्रेष्ठ लगायतका कलाकारको पनि अभिनय छ। सम्राट बस्नेत द्वन्द्व, कविराज गहतराज र रामजी लमिछानेको कोरियोग्राफी, बनिश शाहको सम्पादन छ।

मुस्ताङ र कास्कीका विभिन्न रमणीय स्थानमा खिचिएको फिल्म कमेडी, एक्सन र लभस्टोरीको समिश्रण छ। राज के अधिकारी र सुरज सरकार फिल्मका निर्माता हुन्। आगामी भाद्र ८ गतेबाट प्रदर्शनमा आउने फिल्म सलोन सलिना फिल्म्सको ब्यानरमा निर्माण भएको हो। फिल्मलाई उपत्यकामा डिसिएन तथा रिच इन्टरटेनमेन्ट र उपत्यका बाहिर एफडी कम्पनीले वितरण गर्दैछ।

# अभिनयमा जमेका प्रभु



उत्कृष्ट अभिनय क्षमताका धनी प्रभु श्रेष्ठ, नेपाली चलचित्र क्षेत्रका चर्चित कलाकार हुन्। सन् १९९६ बाट चलचित्र क्षेत्रमा प्रवेश गरेका कलाकार श्रेष्ठले थुप्रै सफल चलचित्र तथा म्युजिक भिडियोहरूमा अभिनय गरेका छन्। श्रेष्ठले अभिनय गरेका 'आफ्नो बिरानो', 'यस्तै हुन्छ पिरती', 'संगम', 'म बिर्सु कसरी', 'पार्सल', 'एउटा यस्तो प्रेम कहानी' लगायतका चलचित्रहरू हिट चलचित्रको सुचिमा पर्दछन्। थुप्रै म्युजिक भिडियोमा समेत अभिनय गरेका श्रेष्ठका 'विदेशी माया', 'सुख दुखको साथी', 'छुट्टी छोटो छ' लगायतका म्युजिक भिडियोहरू पनि चर्चित छन्।

३१ डिसेम्बर १९७७ मा भोजपुरमा जन्मिएका श्रेष्ठले थोरै तर, गुणस्तरिय चलचित्रमा काम गरेका छन्। यसैले त उनले अभिनय गरेका चलचित्रबाट केही न केही छाप नेपाली चलचित्र क्षेत्रमा छाडेकै छन्। सानै देखि अभिनयमा रुचि राख्ने श्रेष्ठ धरान स्थित महेन्द्र बहुमुखी क्याम्पसमा पढ्दै गर्दा चलचित्रको छायाँकन हेर्न पुगिहाल्थे। धरानमा छायाँकन हुने अक्सर चलचित्रको छायाँकनमा उनी पुगेकै हुन्थे। लोभलाग्दो जीउडालका धनी श्रेष्ठ जो कोहीको नजरमा सजिलै पर्दथे। सन् १९९६ झापाको बुधबारेमा चलचित्र 'आफ्नो बिरानो'को छायाँकन भइरहेको थियो। छायाँकन हेर्न पगेका श्रेष्ठ द्वन्द्व निर्देशक एनबी महर्जनको नजरमा परिहाले। 'आफ्नो बिरानो'को द्वन्द्व निर्देशन गरिरहेका एनबीले श्रेष्ठलाई यसै चलचित्रबाट द्वन्द्वकलाकारका रूपमा चलचित्रमा डेब्यु गराए। श्रेष्ठले पहिलो चलचित्रमा नै प्रोफेसनल कलाकारको जस्तै काम देखाएको द्वन्द्व निर्देशक महर्जन सम्झन्छन्। महर्जनले त्यसै बेला चलचित्र क्षेत्रमा श्रेष्ठको भविश्य उज्ज्वल छ भनि भविष्यबाणी नै गरेका थिए। श्रेष्ठको लगन, इमान्दारीता, मेहनत, टेक्निक सिक्ने शैली, अभिनय, फाइट, शारीरिक बनाबट जस्ता कुराहरूलाई ध्यानमा राखेर आफुले उनको भविष्य उज्ज्वल देखेको महर्जनको बताउँछन्। डेब्यु चलचित्रमा महानायक राजेश हमालसँग काम गरेका श्रेष्ठले नेपालका अक्सर सफल निर्देशकको एक्सन कटमा चर्चित कलाकारसँग स्कृन सेयर गरिसकेका छन्।

सन् २००१ को चलचित्र 'यस्तै हुन्छ पिरती'मा अभिनय गरेपछि श्रेष्ठलाई मुख्य भूमिकाकै लागि अफरहरू आउन थाल्यो। तर, उनले संख्यात्मक रूपमा बढी चलचित्र खेल्नु भन्दा पनि गुणस्तरिय चलचित्रमा मात्र अभिनय गर्ने अठोट लिए। यता श्रेष्ठ सिंगापुर पुलिसका जागिरे समेत थिए। सिंगापुरमा ररहेपनि उनको नेपाली चलचित्र प्रतिको मोह भङ्ग भने कुनै पनि क्षण भएन। त्यसैले त उनले नेपालमा दर्शकहरूले मन पराएका उत्कृष्ट चलचित्रलाई सिंगापुरमा लगेर समेत प्रदर्शन गरे। नेपाली चलचित्रको अन्तराष्ट्रिय बजार प्रवर्द्धनमा एउटा कलाकारले कति सम्म योगदान गर्न सक्छ भनेर उनले स्पष्ट पारे। त्यसैले त अहिले पनि नेपाली चलचित्र क्षेत्रका बिभिन्न संघ संस्थाहरूले बजार प्रवर्द्धनका लागि श्रेष्ठको भूमिका अतुलनिय रहेको बताउँछन्।

जागिरे जीवनमा समय ब्यवस्थापन गरेर पनि उनले चलचित्रमा अभिनय गर्ने काम भने छोडेनन्। अझ केही सफल म्युजिक भिडियोमा समेत उनले अभिनय गरे। समकालिन अभिनेताहरूमा थोरै चलचित्र खेलेर पनि चलचित्रबाटै राम्रो पारिश्रमिक बुझ्ने कलाकारका रूपमा श्रेष्ठ परिचित छन्। यद्यपी उनी आफुले पैसाको लागि भन्दा पनि दर्शकलाई उत्कृष्ट चलचित्र दिउ भन्ने सोचले नै काम गर्ने गरेको बताउँछन्।

आफ्ना दर्शकका लागि उत्कृष्ट चलचित्र दिने हुटहुटीले श्रेष्ठले केही चलचित्रमा स्कृप्ट पनि लेखे भने केहीमा लगानी पनि गरे। चलचित्रमा लेखक र निर्माताका रूपमा काम गरे पनि आफ्नो मुल पेशा अभिनयलाई भने कहिल्यै छोडेनन्। अभिनयका माध्यमबाट नेपाली चलचित्रलाई उनले दिएको योगदानका लागि नेपाल चलचित्र मजदुर महासंघ प्रदेश १, अपन स्वर्ग नेपाल कला संस्कृतिलगायतका संघ सस्थाहरूले सम्मान समेत गरेका छन्।

उत्कृष्ट अभिनय क्षमता भएका श्रेष्ठले चलचित्र पार्सलबाट डिसिने अवार्ड २०७४, पार्सलबाटै छायाँछबी अनर अवार्ड २०१८ र चलचित्र एउटा यस्तो प्रेम कहानीबाट पिम नेपाल फिल्म फेष्टिवलमा उत्कृष्ट अभिनेताको अवार्ड प्राप्त गरेका छन्।

नेपाल चलचित्र कलाकार संघका सदस्य रहेका श्रेष्ठ चलचित्र निर्माण कम्पनी प्रभुलक्ष्मी इन्टरटेनमेन्ट एन्ड क्रिएटिभ कम्पनी प्रालिका अध्यक्ष समेत हुन्। हाल उनी आफ्नो ड्रिम प्रोजेक्ट 'कालो सुन'को तयारीमा रहेका छन्। नेपाली चलचित्र प्रेमी दर्शकहरूलाई उत्कृष्ट चलचित्र दिने लक्ष्य स्वरूप उनी केही समय देखि 'कालो सुन'को प्रि-प्रोडक्सनमा ब्यस्त छन्। त्यसो त अहिले प्रभुको हातमा अन्य चार चलचित्र पनि छन्। उनी 'कालो सुन' पछि चलचित्र 'अवकाश', 'घर फर्की', 'को हो' र 'तीन पुस्ता'मा काम गर्न मुख्य कलाकारका रूपमा अनुबन्धित समेत भइसकेका छन्।

■ सबिता बस्याल

# रंगशाला

एसिसी इमर्जिङ टिम्स एसिया कप

# समूह चरणबाटै बाहिरियो नेपाल

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल एसिसी इमर्जिङ टिम्स एसिया कपमा भारत 'ए' सँग पराजित हुँदै प्रतियोगिताको समूह चरणबाट बाहिरिएको छ। श्रीलंकाको आर प्रेमदासा रंगशालामा सोमबार भएको खेलमा नेपाललाई ९ विकेटले पराजित गर्दै भारत सेमिफाइनलमा प्रवेश गरेको छ। त्यस्तै यही समूहको अर्को खेलमा युएईलाई पराजित गर्दै पाकिस्तान पनि सेमिफाइनल प्रवेश गरेको छ।

नेपालले दिएको १ सय ६८ रनको लक्ष्य भारत 'ए' ले २२ दशमलब १ ओभरमा १ विकेट गुमाएर पूरा गऱ्यो। भारत 'ए' का लागि अभिषेक शर्माले ६९ बलमा १२ चौका र २ छक्काको सहयोगमा ८७ रनको अर्धशतकीय ईनिङ खेले। साई शुदर्शनले ५२ बलमा ८ चौका र १ छक्काको सहयोगमा अविजित ५८ रनको अर्धशतकीय ईनिङ खेले। धुव्र जुरेले १२ बलमा १ चौका र २ छक्काको सहयोगमा अविजित २१ रन बनाए।

नेपालका लागि कप्तान रोहितकुमार पौडेलले १ विकेट लिए। त्यसअघि टस जितेर ब्याटिङ रोजेको नेपालले ३९ दशमलब २ ओभरमा १ सय ६७ रनमा अलआउट भएको थियो। नेपालका लागि कप्तान रोहितकुमार पौडेलले ८५ बलमा ६५ रन बनाए। पौडेलले ७ चौका प्रहार गरेका थिए। त्यस्तै गुल्सन झाले ३० बलमा २ चौका र २ छक्काको सहयोगमा ३८ रन बनाए।

नेपाललाई छैटौं विकेटका लागि रोहित र सोमपालले ५३ रनको साझेदारी गरेका थिए। सोमपाल स्पिनर मानव सुथारको बलमा १४ रनमा एलबीडब्लू आउट हुन पुगे।

नेपालको शीर्षक्रम ब्याटिङ पुन तीव्र गतिका बलर सामु निरिह बन्यो। तीव्र गतिका बलर हर्षित रानाले इनिङको दोस्रो बलमै ओपनर कुशल भुर्तेललाई एलबीडब्लू आउट गरेका थिए। त्यसपछि दोस्रो विकेटका लागि आसिफ शेख र देव खनालले २७ रनको साझेदारी गरेका थिए।

आसिफ ७ र देव खनाल १५ रनमा आउट भए। देवले २१ बलमा ३ चौका प्रहार गरे। २७ रनमा दोस्रो विकेट गुमाएको नेपालले ३७ रन बनाउँदा कुशल मल्ललाई पाँचौं विकेटको रूपमा शुन्य रनमा गुमाएको थियो। त्यसअघि भीम सार्की, देव खनाल आउट भएका थिए।

त्यसपछि नेपालको इनिङ कप्तान रोहित पौडेल र पाकिस्तानविरुद्ध उत्कृष्ट पारी खेलेका सोमपाल कामीले राम्रो साझेदारी गर्दै नेपालको खेल अगाडि बढाए। सोमपाल १४ रनमा आउट भएपछि नेपालका लागि कप्तान पौडेल र गुल्सनले उत्कृष्ट साझेदारी गर्दै नेपाललाई मध्यमस्कोरसम्म पुऱ्याए। भारतका निशान्त सिन्धु लगातार दुई ओभरमा पौडेल र गुल्सनले विकेट गुमाए। त्यसपछि किशोरी महत र ललितनारायणको क्रमशः २ र ३ रनका साथ नेपाल १६७ रनमा समेटियो।

भारत 'ए'का लागि निशान्त सिन्धुले ४ विकेट लिए। राजवर्धन हंगारगेकारले ३ तथा हर्षित रानाले २ विकेट लिए। नेपालले समूह चरणको अन्तिम खेलमा बुधबार युएई 'ए' सँग खेल्नेछ। यस प्रतियोगितामा ६ टोली सहभागीता रहेको छ। सहभागी टोलीहरूलाई दुई समूहमा विभाजन गरिएको छ।

हरेक समूहका शिर्ष दुई टोली सेमिफाइनलका लागि छानिने छन्। सेमिफाइनल खेल २१ जुलाईमा हुनेछ। सेमिफाइनलका दुई विजेता उपाधीका लागि भिड्ने छन्। फाइनल खेल २३ जुलाईमा रहेको छ।

# नेपाली फुटबल टिम फिर्ता

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली महिला फुटबल टोली बंगलादेशसँगको मैत्रीपूर्ण फुटबल सिरिज जितेर स्वदेश फर्किएको छ। १९औं एसियाडको तयारी स्वरूप नेपालले महिला फुटबलमा दक्षिण एशियाको बलियो टोली बंगलादेशसँग दुई वटा मैत्रीपूर्ण खेल खेलेको थियो। उक्त भ्रमणमा नेपालले पहिलो खेलमा १-१ बराबरीको नतिजा सामना गर्दा दोस्रो खेल टाइब्रेकरमार्फत ४-२ गोलअन्तरले जित्दै सिरिजको ट्रफी उचाल्यो।

दोस्रो खेलमा वैकल्पिक गोलकिपरका रूपमा मैदान प्रवेश गरेकी अञ्जना रानामगरले दुई पेनाल्टी बचाएपछि नेपालले रोमाञ्चक जित निकालेको थियो।

नेपाली टोलीलाई अखिल नेपाल फुटबल संघ एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईले स्वागत गरेका छन्। नेपाली महिला फुटबल टोलीका प्रशिक्षक अनन्तराज थापाले साफको च्याम्पियन टोलीबिरुद्ध आफ्नो टोलीले गरेको जुझारु प्रदर्शनले आगामी खेलमा नेपाली खेलाडीको आत्मबल बढाउने विश्वास व्यक्त गरे।

तुलनात्मक रूपमा नेपाली टोलीमा धेरै पक्ष सुधार आएको प्रशिक्षक थापाले बताए। प्रशिक्षक थापाले टोलीमा अझै पनि फिटनेसमा केही समस्या देखिएको बताए। नेपाली महिला फुटबल टोलीकी कप्तान एन्जिला तुम्बाप्पो सुब्बालेले एसियन गेम्समा बंगलादेशभन्दा कठिन प्रतिद्वन्दीहरू सामना गर्नुपर्ने भएकाले टोलीमा धेरै सुधार गर्नुपर्ने आश्यकता औंल्याइन्। नेपाली टोलीकी भरपर्दी स्ट्राइकर सावित्रा भण्डारीले पछिल्ला साफमा भएका गल्तीहरू कम गर्दा बंगलादेशबिरुद्ध जित सम्भव भएको बताइन्।

# बंगलादेशलाई टी-२० सिरिज

■ एजेन्सी

**ढाका–** घरेलु टोली बंगलादेशले अफगानिस्तानसँगको दुई खेलको टी-ट्वान्टी अन्तर्राष्ट्रिय सिरिज क्लिनस्विप गरेको छ। आईतवार भएको दोस्रो खेलमा अफगानिस्तानलाई ६ विकेटले हराउँदै बंगलादेशले सिरिज जितेको हो।

बर्षाले प्रभावित खेल १७ ओभरमा छोट्याईएको थियो। अफगानिस्तानले दिएको १ सय १७ रनको लक्ष्य बंगलादेशले १६ दशमलब १ ओभरमा ४ विकेट गुमाउँदै पूरा गऱ्यो।

बंगलादेशका लागि ओपनर लिटन दासले ३६ बलमा ६ चौकासहित सर्वाधिक ३५ रनको योगदान दिए। अफिफ हुसैन २० बलमा २ छक्कासहित २४ तथा तोवहिद हृदोयले १९ रन बनाए। कप्तान सकिब अल हसन ११ बलमा १ चौका र १ छक्कासहित २८ रनमा आउट भए।

अफगानिस्तानका मुजिब उर रहमान र अजमतुल्लाह उमरजाईले समान २/२ विकेट लिए। त्यसअघि अफगानिस्तानले टस हारेर पहिला ब्याटिङ गर्दै निर्धारित १७ ओभरमा ७ विकेट गुमाउँदै १ सय १६ रन बनाएको थियो।

अफगानिस्तानका आजमतुल्लाह ओमरजाईले २५, करिम जन्नत २० र इब्राहिम जद्रान २२ रनमा आउट भए। बंगलादेशका तस्किन अहमदले ३ तथा मुश्ताफिजुर रहमान र सकिब अल हसनले समान २/२ विकेट लिए।

पहिलो खेलमा बंगलादेश २ विकेटले विजयी भएको थियो।

# वर्ल्ड च्याम्पियनसिपका लागि खेलाडी बिदाइ

**काठमाडौं (प्रस)–** कोरियामा आयोजना हुने वर्ल्ड हान्मादाङ च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्न जाने ४ सदस्यीय तेक्वान्दो टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले आइतबार बिदाइ गरे।



तेक्वान्दोको पुम्से विधामा प्रतिस्पर्धा गर्ने खेलाडीहरूमा महिला तर्फ स्वस्तीका तामाङ र पुरुष तर्फ प्रेम बहादुर लिम्बु रहेका छन्। यस्तै टिम प्रशिक्षकमा कविराज खड्गी रहेका छन् भने टार्जन सुब्बाले रेफ्रिको भूमिका निर्वाह गर्ने छन्। च्याम्पियनसिप यही श्रावण ५ देखि ८ गते (जुलाई २१-२४, २०२३) सम्म सञ्चालन हुने छ। टोली श्रावण ३ गते (जुलाई १९ तारिख) कोरिया प्रस्थान गर्ने कार्यक्रम रहेको छ।

च्याम्पियनसिप पश्चात रेफ्रि सुब्बा नेपाल फर्कने छन् भने प्रशिक्षक र खेलाडी प्रशिक्षणका लागि मलेसिया प्रस्थान गर्ने छन्। खेलाडीहरूले श्रावण ११ गते देखि २५ गते (जुलाई २७ देखि अगष्ट १०) सम्म मलेसियामा प्रशिक्षण लिने कार्यक्रम रहेको प्रशिक्षक कविराज खड्गीले जानकारी गराए।

# तापक्रम वृद्धिदर घटाउने सम्बन्धमा अमेरिकी–चिनियाँ कूटनीतिक वार्ता

**बेइजिङ–** जलवायुमामिलासम्बन्धी जिम्मेवारी तोकिएका अमेरिकी दूत जोन केरीले आफ्ना चिनियाँ समकक्षीसँग सोमबार बेइजिङमा चार घण्टा लामो वार्ता गरी पृथ्वीको तापक्रम वृद्धि घटाउने विषयमा रोकिएको कूटनीतिक वार्तालाई पुनर्जीवित गरेका छन् ।

गत वर्ष अमेरिकी संसद्की तत्कालीन सभामुख न्यान्सी पेलोसीले स्वशासित ताइवानको भ्रमण गरेर बेइजिङलाई आक्रोशित बनाएपछि दुई ठूला हरितगृह ग्यास उत्सर्जक देशहरूबीचको जलवायु वार्ता रोकिएको थियो । वासिङ्टन र बेइजिङबीच ताइवान र अन्य थुप्रै विषयमा विवाद भए पनि पूर्वविदेशमन्त्री केरीले चीनसँग तुलनात्मकरूपमा सुमधुर र निरन्तर सम्बन्ध राख्दै आएका छन् ।

चिनियाँ सरकारी सञ्चारमाध्यमका अनुसार उनले आफ्ना चिनियाँ समकक्षी सी झेन्हुआसँग जलवायु परिवर्तनले पृथ्वीमा ल्याएको वातावरणीय संकट र यसको नियन्त्रणका लागि विश्वका प्रमुख अर्थतन्त्र र प्रदूषणका लागि बढी जिम्मेवार मानिएका मुलुकहरूको भूमिकाप्रति सोमबार बेइजिङमा भएको चार घण्टा लामो वार्ताका क्रममा छलफल भएको थियो ।

'जलवायु परिवर्तनसम्बन्धी मामिलाका लागि चीनका विशेष दूत सी झेनहुआले उनका अमेरिकी समकक्षी जोन केरीसँग करिब चार घण्टा छलफल गर्नुभएको छ,' सरकारी प्रसारक सिसिटिभीले छलफल भएका बुँदा र सहमतिबारे थप विवरण सार्वजनिक नगरिकन वार्ताको पुष्टि गरेको छ ।


© Valerie Volcovici/REUTERS

केरीले आइतबार सिएनएनलाई बताएअनुसार अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले बेइजिङलाई 'आफू विकासशील राष्ट्र हो भन्ने कुनै पनि प्रकारको दाबीको पछाडि नलुक्न' दबाब दिने अमेरिकी अडान रहेको बताएका थिए । सुलिभानले भने, 'चीनलगायत सबै देशको उत्सर्जन घटाउने जिम्मेवारी छ र मलाई विश्वास छ, विश्वले चीनलाई उत्सर्जन घटाउन अझ नाटकीय कदम चाल्न दबाब दिनुपर्छ र प्रोत्साहित गर्नुपर्छ ।'

'चीनले लामो समयदेखि विकासशील राष्ट्रको रूपमा आफ्नो आधिकारिक हैसियतलाई आफ्नो उच्च उत्सर्जनको औचित्य पुष्टि गर्न प्रयोग गर्दै आएको छ तर यस सम्बन्धमा उनीहरूका लागि अझै धेरै काम गर्न बाँकी छ,' सुलिभानले भने, 'विदेशमन्त्री केरीले बेइजिङमा रहँदा यो कुरा राख्नुहुनेछ ।'

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र अर्थमन्त्री जेनेट येलेनले अमेरिका र चीनबीचको सम्बन्धलाई स्थिर बनाउने उद्देश्यले गरेका अन्य दुई उच्चस्तरीय भ्रमणपछि केरीको यो भ्रमण हुन लागेको हो । उत्तरी गोलार्द्धमा ग्रीष्मकालीन गर्मीको रेकर्ड कायमै रहेका बेला उनको चीन भ्रमण भएको वैज्ञानिकहरूले बताएका छन् ।

'ग्रान्थम रिसर्च इन्स्टिच्युट अन क्लाइमेट चेञ्ज एण्ड द इन्भाइरोमेन्ट' का वरिष्ठ सदस्य चुनपिङ सीले एएफपीसँग भने, 'केरीको भ्रमण र जलवायु अन्तरक्रियाको पुनरुत्थानले जलवायु संकटलाई सम्बोधन गर्न समन्वयात्मक प्रयासको महत्त्वपूर्ण महत्त्वलाई जोड दिन्छ । 'यसले साझा भलाइलाई बढावा दिन जटिल भूराजनीतिक सम्बन्धलाई पुनःस्थापित गर्ने उनीहरूको साझा दृढतालाई पनि प्रदर्शित गर्दछ,' सीले भने ।

जलवायु परिवर्तनलाई निम्त्याउने हरितगृह ग्यासको प्रमुख उत्सर्जकका रूपमा चीनले सन् २०३० सम्ममा कार्बन उत्सर्जनलाई उच्च बनाउने र सन् २०६० सम्ममा पूर्ण कार्बन तटस्थता हासिल गर्ने प्रतिबद्धता जनाएको छ । चिनियाँ राष्ट्रपति सी चिनफिङले पनि सन् २०२६ देखि कोइलाको प्रयोग घटाउने बताएका छन् ।

तर, बेइजिङले अप्रिलमा कोइला ऊर्जामा ठूलो वृद्धिलाई अनुमोदन गरेको थियो । वातावरण संरक्षणका लागि काम गर्ने अन्तर्राष्ट्रिय संस्था ग्रीनपिसका अनुसार चीनले कोइला ऊर्जामा ठूलो वृद्धिलाई अनुमोदन गरी उत्सर्जन घटाउने प्रतिज्ञाभन्दा ऊर्जा आपूर्तिलाई प्राथमिकता दिएको र यसले चीनको आफ्नो लक्ष्य पूरा गर्न असफल हुने चिन्तालाई बढावा दिएको छ । *रासस/एएफपी*

# अफ्रिकामा खडेरीका कारण २७ लाख मानिस विस्थापित

**अदिस अबाबा–** संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी)ले अफ्रिकाको सोमाली क्षेत्रमा खडेरीका कारण करिब २७ लाख मानिस विस्थापित भएको जनाएको छ ।

क्षेत्रीय स्थिति अद्यावधिक प्रतिवेदनमा डब्ल्युएफपीले सोमालियामा १७ लाख, इथियोपियामा पाँच लाख १६ हजार र केन्यामा चार लाख ६६ हजार मानिस खडेरीका कारण विस्थापित भएको जनाएको छ । डब्ल्युएफपीको प्रतिवेदनले तीन देशका खडेरी प्रभावित क्षेत्रमा लाखौं शरणार्थीको आगमनले यस क्षेत्रमा खाद्य असुरक्षा बढाएको उल्लेख गरेको छ ।

'सन् २०२० को अन्त्यदेखि लगातार सामान्यभन्दा कम वर्षा भएपछि 'हर्न अफ अफ्रिका' भनेर चिनिने सोमाली प्रायद्वीपमा व्यापक मौसमी खडेरी परेको छ, जसले कृषि, पशुधन, वनस्पति, जलस्रोत, जीविकोपार्जन र चरण स्रोतलाई प्रभावित पारेको छ,' डब्ल्युएफपीको प्रतिवेदनमा भनिएको छ ।

संयुक्त राष्ट्रसंघीय निकायले उक्त क्षेत्रमा लामो समयदेखिको खडेरीका कारण दुई करोड ३४ लाख मानिस खाद्य असुरक्षामा परेको र ५१ लाख बालबालिका कुपोषित भएको अनुमान गरेको छ ।

यस वर्षको सुरुमा डब्ल्युएफपीले मार्चदेखि मे २०२३ को बीचमा अर्को खराब वर्षायामको घटनाले उक्त प्रायद्वीपका समुदायहरूमा विनासकारी परिणामहरू ल्याउने चेतावनी दिएको थियो । *रासस/सिन्ह्वा*

# सरकारी अस्पतालमा भएको मृत्युको पूर्ण छानबिन हुने

**कोलम्बो–** श्रीलंकाका स्वास्थ्यमन्त्री केहेलिया रामबुकवेलाले सरकारी अस्पतालमा हालै भएका मृत्युको पूर्ण छानबिन गर्न पाँच सदस्यीय समिति गठन गरेको बताएका छन् ।

हालैका महिनाहरूमा श्रीलंकाका सरकारी अस्पतालहरूमा गुणस्तरहीन औषधिका कारण कैयौं व्यक्तिको मृत्यु भएको बताइएको छ । रामबुकवेलाले पत्रकारहरूसँग भने, 'श्री जयवर्धनेपुरा विश्वविद्यालयका चण्डिमा जीवन्दराको अध्यक्षतामा गठित समितिमा औषधि र नर्सिङका साथै एलर्जी दुवैको व्यापक ज्ञान र समझ भएका विशेषज्ञहरू समावेश गरिएका छन् ।'

यस समितिले विस्तृत अध्ययनपछि दिने सुझावले मुलुकको अस्पतालहरूबाट सेवा लिने जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे । *रासस/सिन्ह्वा*

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०४/०२**

यस कम्पनीको वार्षिक साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/११ को स्वीकृति अनुरुप साविक कम्पनी **रिशियाना खाद्य ट्रेडर्स प्रा.लि. (प्रा.लि.नं. २५१४७२/०७७/०७८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न बुझाउन पर्ने दायित्व आदि परिवर्तित नामको कम्पनी **रिशियाना ग्लोवल ट्रेडर्स प्रा.लि.**ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०४/०२ गते)

किननाम पुनको नाति, लक्षु पुनको छोरा पर्वत जिल्ला, क्याङ गा.वि.स. वडा नं ५ स्थायी घर भई हाल पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. ०५ बस्ने निरमाया पुनको श्रीमान् धने पुनको मिति २०८०/०१/०४ मा मृत्यु भएकोले निजको नाममा यस बैकको कुश्मा शाखामा रहेको बचत खाता नं ०४७००६६५१४२००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाउँ भनी निज खातावालाको श्रीमतिले यस बैक शाखामा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजात सहित यसै बैकको शाखा कार्यालय कुश्मामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हक दावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सुचना मार्फत जानकारी गराउदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय कुश्मा, पर्वत फोन नं ०६७-४२११४५

## जीनोम टेक्नोलोजी (प्रा. लि.) (लिक्वीडेशन)
## सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७२-११-२० मा दर्ता भएको प्रा.लि.नं. १४६१३५ को जीनोम टेक्नोलोजी (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८०।०३।२१ गतेको विशेष साधारण सभाले निणर्य गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर वहादुर रोकाया**
**इजाजत पत्र नं. २८७**

## आइकोनिक इस्टेट्स डेभलपमेन्ट (प्रा. लि.) (लिक्वीडेशन)
## सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७८/०५/१३ मा दर्ता भएको प्रा.लि.नं. २६९७०९ को आइकोनिक इस्टेट्स डेभलपमेन्ट (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८०/०३/२१ गतेको विशेष साधारण सभाले निणर्य गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर वहादुर रोकाया**
**इजाजत पत्र नं. २८**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZINAT AL AMAKEN TRADING EST.

पूर्व स्वीकृति मितिः २०८०/03/३१ LT. No. 289476 चलानी नं. ६०२०४७७३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Auto Electrician | 1 | 0 | 1500 | ५२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ९ गते (25th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४
**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com

**Fewa HR Solutions Pvt. Ltd.**
श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः MG UNITED CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/04/01 LT. No. 289284 चलानी नं. ६०२०२४००

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Drilling Labor | 2 | 0 | 1200 | ४२,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ९ गते (25th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FALCON EYE SECURITY SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०३/३१ LT. No. 289431 चलानी नं. ६०२०४७७८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रु. | | | | | | | |
| 1 | Guard | 13 | 14 | 1500 | ५४,११० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 3 | 0 | 2500 | ९०,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ९ गते (25th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066
**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANDI DEIRA RESTAURANTS TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति २०८०/०३/२९ LT. No. 289297 चलानी नं. ६०२०४६५०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Chef | 1 | 0 | 1800 | ६२,.८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAITHAM ALI AL MARRI BATTERIES EST.

पूर्व स्वीकृति मिति २०८०/०३/२९ LT. No. 289298 चलानी नं. ६०२०४६५१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Loading and Download Worker | 2 | 0 | 1000 | ३४,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULAZIZ KHAMIS AL-ANAZI FOUNDATION FOR LAND TRANSPORT

पूर्व स्वीकृति मिति २०८०/०३/२९ LT. No. 289299 चलानी नं. ६०२०४६५२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Driver Truck | 2 | 0 | 2000 | ६९,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ८ गते (24th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 289297/289298/289299 मितिः २०८०/०४/०१ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

श्रम ईजाजत नं. ३३६/०५९/०६०
**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य** — छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ११२५०० | प्रति तोला – १११९५० | प्रति तोला – १४८०

## भण्डारण गृह निर्माणले ऊर्जा सुरक्षा सुनिश्चित गरेको छ : मन्त्री रिजाल

■ प्रभाव संवाददाता



**पोखरा–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले पोखरामा इन्धन भण्डारण गृह निर्माणले मुलुकको ऊर्जा पूर्वाधारलाई सुदृढ गर्दै राष्ट्रको ऊर्जा सुरक्षा सुनश्चित गरेको बताएका छन् ।

कास्कीको पोखरा महानगरपालिका वडा नं २९ र ३० गगनगौंडामा नेपाल आयल निगमले निर्माण गरेको डिजल भण्डारण गृहको आज उद्घाटन गर्दै मन्त्री रिजालले यस डिपोमा विस्तारित भण्डारण क्षमताबाट अन्य क्षेत्रले पनि फाइदा लिन सक्ने बताए ।

निगमले उक्त स्थानमा निर्माण गरेको १० हजार किलोलिटर क्षमताका दुई वटा डिजल भण्डारण र २४ हजार किलोलिटर क्षमताको पानीट्यांकीको आइतबार उद्घाटन गरिएको हो । निगमले करिब रु ८९ करोड लगानीमा उक्त भण्डारण गृह निर्माण गरेको जानकारी दिएको छ ।

'नेपाल आयल निगमले निर्माण गरेको यस डिजल भण्डारण गृह निर्माणले यस क्षेत्र तथा परिआएको अवस्थामा देशका अन्य क्षेत्रका लागि समेत थप भरपर्दो आपूर्ति शृंखला सुनिश्चित गर्न र उच्च माग वा अप्रत्याशित परिस्थितिमा इन्धन अभावको जोखिमलाई कम गर्न सक्छ', मन्त्री रिजालले भने ।

उनले इन्धन भण्डारण गृह निर्माणले ऊर्जा पूर्वाधार विकास तथा देशको उ•यन क्षेत्रलाई थप प्रगतिको पथमा अघि बढाउने एउटा महत्वपूर्ण घडीको सुरुआत भएको बताए । यसका लागि परियोजना निर्माणमा संलग्न सबैलाई मन्त्री रिजालले धन्यवाद दिए ।

'हालैका वर्षमा नेपालको आन्तरिक र अन्तर र्राष्ट्रियरूपमा हवाई यात्रामा वृद्धि हुँदै गइरहेको अवस्था छ । मनमोहक हिमाल र शान्त तालको बीचमा रहेको सुन्दर नगरी पोखरा पर्यटकीय गन्तव्य बन्दै गएकोमा हवाई यात्राको बढ्दो मागलाई समायोजन गर्न निर्माण हुने हवाई इन्धन डिपोले थप सहजता ल्याउने छ', उनले भने, 'डिपो सञ्चालन पश्चात निगमले उ•यन उद्योगलाई विश्वस्तरीय हवाई इन्धन र रिफ्युलिङ सुविधाहरू उपलब्ध गराउनेमा विश्वास लिएको छु ।'

यस हवाई इन्धन डिपोको निर्माण तथा सञ्चालनले पोखरालाई मात्र नभई सिङ्गो राष्ट्रलाई नै फाइदा पुग्ने उनको भनाइ छ । यसले पर्यटन प्रवर्द्धन र आर्थिक वृद्धिलाई समेत प्रोत्साहन गर्ने भन्दै उनले देशको सामाजिक-आर्थिक विकासमा थप योगदान पुऱ्याउने भनाइ व्यक्त गरे ।

'हवाई इन्धन तथा अन्य पेट्रोलियम पदार्थको सहज र निर्वाध आपूर्ति सुनिश्चित गर्न, हवाई इन्धनको सहज आपूर्ति व्यवस्थापन गर्न र समयसापेक्ष पूर्वाधारहरूको विकास गर्ने कार्यमा नेपाल सरकार र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट निगमलाई सदैव सहयोग हुने व्यहोरा जानकारी गराउँदछु', उनले भने ।

पेट्रोलियम ऊर्जामा पहुँच अभिवृद्धि कार्यले औद्योगिक विकासलाई अगाडि बढाउन, नागरिकहरूको जीवनस्तर सुधार गर्न तथा नवप्रवर्तन र अवसरको वातावरण बनाउन अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनले धारणा राखे । उनले भण्डारण ट्यांकहरू डिजाइन र निर्माणमा आधुनिक प्रविधिहरू र उत्कृष्ट अभ्यासको समावेशले निगमको वितरण प्रणालीमा थप चुस्तता ल्याई कार्यसम्पादन सहज हुने विश्वास लिएको बताए ।

नव निर्मित ट्यांकहरूमा जडित उच्च सुरक्षा मापदण्डहरू, स्वचालित नियन्त्रण उपायहरू र प्रभावकारी निगरानी प्रणालीहरूले इन्धनको भण्डारण र वितरणलाई सहज बनाउने उनको विश्वास छ ।

'पोखरा डिपोमा निर्मित यी इन्धन भण्डारण ट्यांकीले नेपालको ऊर्जा सुरक्षा, आर्थिक वृद्धि र दिगो विकासतर्फको यात्रामा महत्त्वपूर्ण योगदान दिन सफल रहोस्', मन्त्री रिजालले भने, 'पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई इन्धन डिपो समयमै निर्माण सम्पन्न गर्न सबै सरोकारवालाहरूको ध्यान पुगोस ।'

## 'अविकसित मुलुकलाई दिगो विकास लक्ष्य हासिल गर्न चुनौती'

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारत भ्रमणमा रहेका अर्थमन्त्री डा. प्रकाशशरण महतले दिगो विकास लक्ष्य प्राप्त गर्न अल्पविकसित मुलुकका लागि चुनौतीपूर्ण रहेको बताएका छन् ।

भारतको गुजरातस्थित गान्धीनगरमा सोमबारदेखि सुरु भएको जी-२० मुलुकका अर्थमन्त्री तथा केन्द्रीय बैंकका गभर्नरस्तरीय तेस्रो बैठकमा उनले राजस्व स्रोतको अभाव र बढ्दो सार्वजनिक ऋणको दायित्वका कारण अल्पविकसित मुलुकमा दिगो विकास लक्ष्य हासिल गर्न चुनौती थपिएको बताएका हुन् ।

स्रोत अभावका कारण स्वास्थ्य क्षेत्रमा प्रतिव्यक्ति लगानीसमेत बढाउन नसकिएको उनले बताए । अल्पविकसित र विकासोन्मुख मुलुकका लागि अनुदान र सहुलियतपूर्ण आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनका लागि पनि अर्थमन्त्री डा महतले उक्त सम्मेलनमार्फत अन्तर र्राष्ट्रिय समुदायलाई आह्वान गरे ।

सम्मेलनमा भारत, अमेरिका, चीन, जापान, फ्रान्स र रसियालगायतका सदस्य राष्ट्र र विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), एशियाली विकास बैंक, एसियाली पूर्वाधार लगानी बैंकजस्ता संस्थाहरूको सहभागिता रहेको छ ।




जी-२० मुलुकका अर्थमन्त्री तथा केन्द्रीय बैंकका गभर्नरस्तरीय यो बैठकमा विश्वअर्थतन्त्र र विश्व स्वास्थ्य, दिगो वित्त र पूर्वाधार विकास, अन्तर्राष्ट्रिय वित्तीय परिदृश्य, अन्तर्राष्ट्रिय कर प्रणाली, वित्तीय समावेशितालगायतका विषय सत्रमा छलफल भएको छ ।

सार्वजनिक ऋण व्यवस्थापनमा सहकार्य, क्रिप्टो कारोबारको नियमन एवं सुपरीवेक्षण, सार्वजनिक पूर्वाधारमा प्रविधिको प्रयोगलगायतका विषय बैठकमा उठाइएको छ ।

उक्त अवसरमा डा. महतले नेपालको हिमालय क्षेत्रको वातावरणीय तथा जैविक विविधता संरक्षण गर्न हरित उर्जाको स्रोत जलविद्युतको विकास गर्न र जलवायु परिवर्तनको असर न्युनिकरण गर्न अनुदान सहायता बढाउनु पर्नेमा जोड दिए ।

'दिगो विकासको लक्ष्य हासिल गर्न स्रोतको खाडल बढ्दै गएको र यथास्थितिकै प्रयासबाट धेरै देशहरू पछाडि छुट्ने जोखिम रहेको बताउँदै भने, 'वातावरणीय तथा सामाजिक उपलब्धिको लागि विकास वातावरण तथा शासकीय पक्षलाई एकीकृत गर्नुपर्छ ।'

आगामी पुस्तासमेत आवश्यकता पूरा हुने गरी गुणस्तरीय, उत्थानशील तथा दिगो पूर्वाधारको विकासमा लगानी गर्नुपर्नेमा जोड दिँदै मन्त्री डा. महतले निर्माण सामग्री, प्रविधि तथा कार्यान्वयन र सञ्चालन बिधि सामाजिक र वातावरणीय दायित्वसँग तादात्म्यता हुनुपर्ने एवं विद्यमान सामाजिक तथा वातावरणीय चुनौतिहरूको सम्बोधन गर्दै अझै दिगो भविष्य निर्माण गर्न योगदानको लागि अपिल गरे ।

हरित प्रविधिको थप लागत हुने, न्यून आय भएका मुलुक जलवायु परिवर्तनबाट असमानुपातिक रूपमा प्रभावित भएकाले वातावरणीय न्यायका लागि अग्रसर हुन अपिल गर्दै मन्त्री डा. महतले अरुको क्रियाकलापले गर्दा कमजोर मुलुकमा बढी प्रभाव परेको हुँदा दिगो वित्तीय प्रवाह सुनिस्चित गर्न आह्वान गरे ।

सम्मेलनमा भारत, अमेरिका, चीन, जापान, फ्रान्स र रसियालगायतका सदस्य राष्ट्र र विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), एशियाली विकास बैंक, एसियाली पूर्वाधार लगानी बैंकजस्ता संस्थाहरूको सहभागिता रहेको छ ।

## कर्पोरेट

### कुमारी क्यापिटलको सिइओमा शर्मा



**काठमाडौं (प्रस)–** कुमारी क्यापिटलको प्रमुख कार्यकारी अधिकृत (सिइओ) मा पुष्प शर्मा नियुक्त भएका छन् । सञ्चालक समितिको ५८ औँ बैठकले कम्पनीको प्रमुख कार्यकारी अधिकृतको रूपमा सोमबारदेखि लागू हुने गरी शर्मालाई नियुक्त गरेको हो ।

यस अघि निजले कम्पनीमा कायम मुकायम प्रमुख कार्यकारी अधिकृत जिम्मेवारी सम्हाल्दै आएका थिए । बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा १३ बर्ष भन्दा बढीको कार्य अनुभव सँगालेका शर्मा स्रोत तथा साधनको उच्चतम् परिचालन तथा व्यवस्थापन गर्न सक्ने एक कुशल नेतृत्व हुन् । उनी कुमारी क्यापिटलमा आबद्ध हुनुपूर्व नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्गमा प्रमुख वित्त अधिकृत तथा निमित्त प्रमुख सञ्चालन अधिकृतको रूपमा नेपाल एसबिआई बैंकबाट काजमा रहि कार्यरत थिए ।

नव-नियुक्त प्रमुख कार्यकारी अधिकृत शर्माको कुशल व्यवस्थापकीय क्षमताले आगामी दिनमा यस क्यापिटलको व्यवसाय विस्तार एवं क्यापिटलबाट प्रदान गरिने सेवालाई सर्वोत्कृष्ट बनाउन उल्लेख्य योगदान हुनेछ भन्नेमा यस क्यापिटल विश्वस्त रहेको छ । कुमारी बैंकको सहायक कम्पनीका रूपमा रहेको यस क्यापिटलको चुक्ता पूँजी ४० करोड रहेको छ । हरेक ग्राहकहरूको सम्पन्नताको सहयात्री बन्ने उद्देश्य बोकेको यस क्यापिटलले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई कोष व्यवस्थापन, लगानी व्यवस्थापन, संस्थागत परामर्श, मर्चेन्ट बैंकिङ्ग लगायतका सेवा प्रदान गर्दै आइरहेको छ ।

### नागरिक लगानी कोषको २५ प्रतिशत बोनस सेयर घोषणा

**काठमाडौं (प्रस)–** नागरिक लगानी कोषको २८ औं वार्षिक साधारणभा कोष संचालक समितिका अध्यक्ष प्रा.डा.सूर्य बहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको छ । सभाले आर्थिक बर्ष २०७८/७९ को आम्दानी बाँडफाँड हिसाव बिवरणमा छुट्याएको प्रस्तावित २५ प्रतिशत बोनस सेयर र १ दशमलव ३१५८ प्रतिशत नगद लाभांस स्वीकृत गरेको छ ।

त्यसैगरी आ.ब २०७८/७९ को वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गरेको छ । योसँगै लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरणमा छलफल गरी पारित भएको छ । सभामा कोष सञ्चालक समितिका अध्यक्ष थापाले कोषले संचालन गरिरहेको सरकारी, गैर सरकारी एवं निजी प्रतिष्ठानमा नसमेटिएका अन्य क्षेत्रका नेपाली नागरिकहरूलाई सामाजिक सुरक्षाको प्रत्याभूति सहितको बचत कार्यक्रमले समेटने धारणा राखे । उनले कोषले संकलन गरेको बचत रकमलाई राष्ट्रिय गौरवका आयोजनाहरू, पूर्वाधार विकास तथा उत्पादनमुलक क्षेत्रहरू, कोषमा आवद्ध सहभागीहरूलाई सहयोग पुग्ने गरी विभिन्न ऋृण सापटीहरू एवं पुँजीबजारका विभिन्न औजारहरूमा लगानी विविधीकरण गरी प्रतिफल अभिबृद्धि गर्न सकिने अवसरहरूको बारेमा जोड दिए । उनले कोषमा विद्यमान सम्भावना




तथा अवसरको उपयोग गर्दै समस्या एवं चुनौतीहरूलाई समाधान गरी लगानीलाई उत्पादनशील क्षेत्रमा प्रवाह गर्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा कोषका कार्यकारी निर्देशक रमण नेपालले कोषको बस्तुस्थिति बारे जानकारी दिए भने सेयरधनीहरूबाट उठाइएका विषयहरू तथा सुझावहरूका सम्बन्धमा थप पुष्टयाई गरे ।

## नयाँ आवसँगै नेप्सेमा उछाल

### ४७ अंकले परिसूचक बढ्दा साढे २ अर्बभन्दा बढीको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँ आर्थिक वर्ष सुरु भएकै दिन धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक उच्च अंकले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४७ दशमलब शून्य सात अंकले उकालो लागेर दुई हजार एक सय ४४ दशमलब १६ मा पुगेको हो ।

यस्तै ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलब ९५ अंकले उकालो लागेर चार सय चार दशमलब १० पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये १२ उपसमूहको सेयर मूल्य वृद्धि भएको छ भने एक उपसमूहको सेयर मूल्य भने ओरालो लागेको छ ।

कूल ७६ लाख ३४ हजार एक सय ९० कित्ता सेयर रु दुई अर्ब ५६ करोड एक लाख ९१ हजार दुई सय ८८ मा कारोबार भएको छ । जानकारहरूका अनुसार बैंक तथा वित्तीय संस्थाले ब्याजदर घटाउनु तथा नयाँ आर्थिक वर्षको प्रभावस्वरूप बजारमा सकारात्मक प्रभाव पर्न गएका हो ।




नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु १४ करोड ८६ लाख १९ हजार चार सय ५५ बराबरको कारोबार भएको छ ।

यस्तै हिमालयन लाइफ इन्स्योरेन्स रु १० करोड ८४ लाख ६४ हजार आठ सय ९९,साइन रेसुङ्गा डेभलपमेन्ट बैंक रु सात करोड ७५ लाख १३ हजार छ सय ७२,सोल्टी होटल रु सात करोड ७३ लाख ३२ हजार दुई सय ४८ र आइजीआई प्रुडेन्सियल इन्स्योरेन्सको रु पाँच करोड ११ लाख ७६ हजार एक सय ६३ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बिपिडब्ल्यू लघुवित्त र युनाइटेड अजोड इन्स्योरेन्सको सेयर मूल्यमा दस प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । अभियान लघुवित्त नौ दशमलब ८७, सिर्जनशील लघुवित्त सात दशमलब ८० र मल्टिप्रर्पोज लघुवित्तका लगानीकर्ताले सात दशमलब ३२ प्रतिशतले कमाएका छन् । यस्तै कुमारी धनवृद्धि योजना आठ दशमलब ३७, सानीमा ग्रोथ फण्ड सात दशमलब ५१, सानीमा लार्ज क्याप फण्ड छ दशमलब २८, बैंक अफ काठमाडौंको ऋृणपत्र पाँच दशमलब ८६ र मेगा म्युचुअल फण्डमा पहिलोका लगानीकर्ताले चार दशमलब ६३ प्रतिशतले गुमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ